# वातावरण तथा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना

२०८१

चन्द्रागिरि नगरपालिका

# चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

२०८०/०८१

प.सं. : ...............

च.नं. : ...............

फोन नं. ०१-४३१५७६६

मिति २०८१/०२/१६........



## नगर प्रमुखको सन्देश

नेपालको संविधान २०७२ को धारा ३० ले सबै नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ। नेपाल सरकारको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा देशलाई दिगो सरसफाइ उन्मुख देश बनाउने लक्ष्यलाई साकार पार्न चन्द्रागिरि नगरपालिकाले सबै वडामा टोल,महिला समुह, क्लव, नागरिक समाज लगायत बहुसरोकारवालाहरुको सक्रियता र नेतृत्वदायी भूमिकालाई अगाडि बढाईरहेको छ। नगरपालिकालाई नमुना नगरपालिका बनाउने अभियान अर्न्तगत वायु गुणस्तर सुधारको लागि पहिलो चरणमा वातावरण तथा वायु गुणस्तर कार्ययोजना निर्माण गरी कार्यान्वयनको चरणमा चन्द्रागिरि नगरपालिका अगाडि बढिरहेको छ।

चन्द्रागिरि नगरपालिकाले वातावरण तथा वायु गुणस्तर कार्ययोजना निर्माण सहभागितामूलक प्रक्रियाबाट गरेको थियो। २०८० मंसिर १५ गतेबाट मस्यौदा लेखन शुरु गरी विभिन्न सरोकारवालासँगको अन्तरक्रिया गर्दै २०८१ जेठ ९ गतेको वातावरण तथा विपद् समितिको सिफारिस निर्णयलाई २०८१ जेठ १६ गतेको ६१ औं कार्यपालिका बैठकले पारित गरेको छ। वातावरण तथा विपद् समिति तथा स्वच्छ हावा परियोजनाको सहकार्यमा नागरिक संजाल, ईंट्टा उद्योग व्यवसायी, फोहोरमैला संकलन तथा व्यवस्थापन गर्ने सेवा प्रदायक संस्था, सार्वजनिक यातायात व्यवसायी, विद्यालय, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, विषयगत शाखा लगायत सरोकारवाला व्यक्ति तथा संस्थाहरुसंग कार्ययोजना निर्माण पूर्व छलफल गरी आवश्यक सल्लाह, सुझाव र पृष्ठपोषण लिने काम गरिएको थियो। नेपालमा रहेका ७५३ स्थानिय तहहरु मध्ये चन्द्रागिरि नगरपालिका वातावरण तथा वायु गुणस्तर कार्ययोजना निर्माण गर्ने दोस्रो नगरपालिका हो। नगरपालिका क्षेत्रको वायु गुणस्तर सुधारको लागि नगरपालिकाले काठमाण्डौं उपत्यका वायु गुणस्तर योजना २०७६ तथा वातावरणमैत्री स्थानीयतह घोषणा प्रारुप २०७८ मा आधारित भएर वायु गुणस्तर सुधारको लागि USAID स्वच्छ हावा परियोजना अर्न्तगत USAID, FHI360 र वातावरण र जनस्वास्थ्य संस्था (ENPHO) को सहयोगमा चन्द्रागिरि नगरपालिकाको वातावरण तथा वायु गुणस्तर कार्ययोजना २०८१ तयार भएको हो। यो सामग्री नगरपालिकाको मात्र स्वामित्वमा रहनेछ।

नगरपालिकाले तयार गरको यस कार्ययोजना कार्यान्वयनको लागि सरोकारवाला पक्षहरुको भूमिका महत्वपूर्ण हुन्छ। जसमा नगरपालिकाको नेतृत्व, सरोकारवाला पक्षहरु बीचको साझेदारी र समुदाय तथा नागरिकहरुको अपनत्व आवश्यक हुन्छ। नगरपालिकाको यस तीन बर्षे वातावरण तथा वायु गुणस्तर कार्ययोजनालाई कार्यान्वयन गर्न आफ्नो आन्तरिक स्रोत साधनको साथै सहयोगी संघ संस्थाहरुको सहयोगलाई समेत जोडेर कार्ययोजना कार्यान्वयनको चरणमा हामी अगाडि बढेका छौ। ऐतिहासिक,सांस्कृतिक नगरी समृद्ध पर्यटकिय चन्द्रागिरि भन्ने नारालाई सार्थक बनाउन कार्ययोजना कार्यान्वयन गरि स्वच्छ नगरपालिका बनाउने अभियानमा सबै सरोकारवाला पक्षहरुलाई हार्दिक अनुरोध गर्दछु। साथै कार्ययोजना निर्माणको चरणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण सरोकारवाला पक्ष र सहयोगी संस्थाहरुलाई धन्यबाद दिन चाहन्छु।

..............................

घनश्याम गिरी

नगर प्रमुख

# विषयसूची


**१. परिचय** **१**
१.१ पृष्ठभूमि १
१.२ चन्द्रागिरि नगरपालिकाको संक्षिप्त परिचय ३
१.३ चन्द्रागिरि नगरपालिकामा वायुप्रदूषणको अवस्था ४
१.४ वायुप्रदूषणका स्रोतहरू ४
१.५ वायुप्रदूषणका कारण देखिएका समस्याहरू ५
१.६ वायुप्रदूषण व्यवस्थापनका लागि देखिएका अवसरहरू ६
**२. योजना निर्माण** **६**
२.१ योजना निर्माणका प्रक्रिया ६
२.२ योजना निर्माणका कानुनी आधार **७**
**३. दीर्घकालीन सोच तथा कार्ययोजना** **७**
३.१ दीर्घकालीन सोच ७
३.२ लक्ष्य ७
३.३ उद्देश्य **८**
**४. कार्ययोजना** **९**
४.१ उद्देश्य १ ९
४.१.१ वर्तमान अवस्था ९
४.१.२ समस्या तथा चुनौतीहरू ९
४.१.३ सम्भावना तथा अवसरहरू १०
४.१.४ रणनीति १०
४.१.५ कार्ययोजना ११
४.२ उद्देश्य २ १५
४.२.१ वर्तमान अवस्था १५
४.२.२ समस्या तथा चुनौतीहरू १५
४.२.३ सम्भावना तथा अवसरहरू १६
४.२.४ रणनीति १६
४.२.५ कार्ययोजना १७
४.३ उद्देश्य ३ १९
४.३.१ वर्तमान अवस्था १९
४.३.२ समस्या तथा चुनौतीहरू १९
४.३.३ सम्भावना तथा अवसरहरू १९
४.३.४ रणनीति १९
४.३.५ कार्ययोजना २०
४.४ उद्देश्य ४ २३
४.४.१ वर्तमान अवस्था २३
४.४.२ समस्या तथा चुनौतीहरू २३

४.४.३ सम्भावना तथा अवसरहरू २३
४.४.४ रणनीति २४
४.४.५ कार्ययोजना २५
४.५ उद्देश्य ५ २८
४.५.१ वर्तमान अवस्था २८
४.५.२ समस्या तथा चुनौतीहरू २८
४.५.३ सम्भावना तथा अवसरहरू २८
४.५.४ रणनीति २८
४.५.५ कार्ययोजना २९
४.६ उद्देश्य ६ ३३
४.६.१ वर्तमान अवस्था ३३
४.६.२ समस्या तथा चुनौतीहरू ३३
४.६.३ सम्भावना तथा अवसरहरू ३३
४.६.४ रणनीति ३४
४.६.५ कार्ययोजना ३५
४.७ उद्देश्य ७ ३७
४.७.१ वर्तमान अवस्था ३७
४.७.२ समस्या तथा चुनौतीहरू ३७
४.७.३ सम्भावना तथा अवसरहरू ३७
४.७.४ रणनीति ३७
४.७.५ कार्ययोजना ३८
४.८ उद्देश्य ८ ४०
४.८.१ वर्तमान अवस्था ४०
४.८.२ समस्या तथा चुनौतीहरू ४०
४.८.३ सम्भावना तथा अवसरहरू ४०
४.८.४ रणनीति ४१
४.८.५ कार्ययोजना ४२
**५. वित्तीय व्यवस्थापन ४५**
**६. योजना कार्यान्वयन प्रक्रिया ४५**
**७. योजना अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया ४६**
**८ योजना परिमार्जन ४७**
**९. योजना अनुमोदन र लागू हुने अवधि ४७**
**१०. अनुसूचीहरू: ४७**
१०.१ निर्देशक समिति ४७
१०.२ कार्यदल र प्राविधिक सहयोग गर्ने पदाधिकारीहरूको विवरण ४७
१०.३ माइन्युट तथा तस्वीरहरू ४९
**११. सन्दर्भ सामाग्रीहरु ५५**

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरिएको छ । साथै, संविधानले राज्यको नीतिको रूपमा उपलब्ध स्रोत र साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो उपयोगका साथै नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपाय अवलम्बन गर्ने तथा जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक र भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, पन्छी, वनस्पति, जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने तथा पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्नुका साथै प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यसका साथै विभिन्न संघीय कानुनहरूले समेत वातावरण संरक्षण, हरियाली प्रवर्द्धन लगायत प्रदूषण न्यूनीकरण तथा नियन्त्रणका सन्दर्भमा विभिन्न प्रावधानको व्यवस्था गरेका छन् ।

तथापि वातावरण संरक्षण र वायुप्रदूषणका विषय ओझेलमा परेका कारण वातावरण लगायत वायुप्रदूषणका प्रभावहरू तीव्ररूपमा परेको देखिएको छ । वायुप्रदूषण विश्वको स्वास्थ्य जोखिमको रूपमा देखिएको छ । State of Global Air on Air Quality and Health of Cities २०२३ का अनुसार नेपाल वायुप्रदूषणको दृष्टिले आठौं स्थानमा परेको छ । अझ काठमाडौं उपत्यकालाई मात्र हेर्ने हो भने पनि काठमाडौं उपत्यका वायुप्रदूषणको हिसाबले एघारौं स्थानमा परेको छ ।

विभिन्न अध्ययनले देखाए अनुसार वायुप्रदूषणले स्वास्थ्यमा प्रत्यक्ष असर परेको देखिन्छ । प्रदूषणका कण फोक्सोको प्राकृतिक प्रतिरक्षा संयन्त्रलाई छलेर फोक्सो मार्फत मानिसका रक्तनली हुँदै शरीरका विभिन्न अंगमा पुगेर सो क्षेत्रमा असर पुऱ्याउने गर्छ । State of Global Air on Air Quality and Health of Cities २०२३ का अनुसार नेपालमा ४२ हजार १०० को मृत्यु वायुप्रदूषणका कारण भएको थियो । जसमा पाँच हजार ८० भन्दा बढीको मृत्यु काठमाडौंमा मात्रै भएको कुरा उल्लेख छ । नेपालमा दीर्घकालीन फोक्सोको रोग (COPD) बाट हुने मृत्युमध्ये ६६ प्रतिशत, फोक्सोको क्यान्सरबाट हुने मृत्युमध्ये ३४ प्रतिशत, तल्लो श्वासप्रश्वास प्रणाली संक्रमण (LRI) बाट हुने मृत्युमध्ये ३४ प्रतिशत, वायुप्रदूषणका कारण हुने गरेको छ । उच्च वायुप्रदूषण भएको दिनमा दमबाट अस्पताल भर्ना हुने क्रम बढेको देखिन्छ भने विगतका दाँजोमा कम उमेर भएका व्यक्तिमा समेत COPD र क्यान्सरका बिरामीको संख्यामा वृद्धि भएको देखिन्छ । Air Quality Life Index 2023 का अनुसार वायुप्रदूषणकै कारण नेपालीहरूको औसत आयुमा ४.६ वर्ष र काठमाडौं उपत्यका बासिन्दाको ३.५ वर्षले कमी आएको समेत देखिन्छ । जसले गर्दा वायुप्रदूषण मृत्युको प्रमुख कारण मध्येमा पर्न गएको छ ।

विभिन्न अध्ययनले देखाए अनुसार वायुप्रदूषणले अझ महिला, बालबालिका तथा जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका साथै नगर कार्यक्षेत्रभित्र प्रत्यक्ष भूमिकामा रहेका वर्गमा समेत उच्च प्रभाव पारेको छ । वायुप्रदूषणकै कारण स्वास्थ्य बाहेक देशको अर्थतन्त्रमा पनि भार थपिनुका साथै शिक्षा लगायत विकासका अन्य क्षेत्रमा समेत असर परेको देखिन्छ । यस अर्थमा वायुप्रदूषण वातावरणीय समस्या मात्र नभई बहुक्षेत्रीय र बहुआयामिक समस्याको रूपमा लिन सकिन्छ ।

वायुप्रदूषणले काठमाडौं उपत्यका लगायत देशका विभिन्न शहरहरूमा वायुको गुणस्तरमा निकै ह्रास आएको देखाउँछ । यसै आर्थिक वर्ष पनि वायु गुणस्तर सूचकाङ्क हेर्दा विभिन्न समयमा काठमाडौं विश्वका प्रदूषित शहरहरूमध्ये पहिलो स्थानमा रहको देखिन्छ । सामान्यतया वायु गुणस्तर सूचकाङ्क मापन गर्दा २.५ माइक्रोनभन्दा मसिना कणहरू (पीएम २.५), सतही ओजोनको अवस्था, कार्बन मोनोअक्साइड, सल्फर डाइअक्साइड र नाइट्रोजन डाइअक्साइड जस्ता प्रदूषणका कारक तत्वहरूलाई आधार मानिन्छ । विभिन्न अध्ययनको आधारमा हेर्दा काठमाडौंको औसत वायुप्रदूषण विश्व स्वास्थ्य संगठनको मापदण्डभन्दा १० गुणा बढी देखिन्छ र विश्वमा ९९ प्रतिशत मानिसहरू प्रदूषित हावामा बसोबास गर्छन् ।

वातावरण ऐन २०७६ तथा नियमावली २०७७, पन्ध्रौं पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य लगायतका दस्तावेजले पनि वातावरण संरक्षण तथा वायुप्रदूषण व्यवस्थापनका विभिन्न प्रावधानको व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य विभिन्न स्थानीय तहका थुप्रै ऐन तथा कानुनले वातावरण प्रदूषण न्यूनीकरण र रोकथामका लागि स्थानीय तहको भूमिका रहने उल्लेख गरेको पाइन्छ ।


यिनै ऐन तथा कानुनहरूका प्रावधानको अधीनमा रही २०७६ मा मन्त्रिपरिषद्बाट 'काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६' स्वीकृत भएको देखिन्छ । तथापि विभिन्न कारणले यो कार्ययोजना प्रभावकारीरूपमा कार्यान्वयनमा आउन सकिरहेको छैन । यही परिप्रेक्ष्यमा वातावरण तथा वायुप्रदूषणको प्रभाव हेर्दा चन्द्रागिरि नगरपालिका पनि उच्च जोखिममा रहेको देखिएको कारण 'स्थानीय सरकार वातावरणमैत्री प्रारूप २०७८' तथा 'काठमाडौं वायु गुणस्तर व्यवस्थापन कार्ययोजना २०७६' लाई स्थानीयकरण गरी 'नगरस्तरीय वातावरण तथा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना' बनाइएको हो ।

यसै सन्दर्भमा चन्द्रागिरि नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत परिषद्को मिति २०७९ फागुन १७ गते बसेको बैठकको निर्णयानुसार वातावरण तथा विपद् समितिको सहजीकरणमा यस नगरपालिकामा रहेको वातावरण तथा वायुप्रदूषण सम्बन्धी विभिन्न समस्या न्यूनीकरणका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति सहित आगामी ३ (तीन) वर्षमा गर्ने गतिविधिलाई यस योजनामा समावेश गरिएको छ ।

## १.२ चन्द्रागिरि नगरपालिकाको संक्षिप्त परिचय

चन्द्रागिरि नगरपालिका नेपालको बागमती प्रदेशमा पर्ने काठमाडौं जिल्लाको पश्चिमतर्फ रहेको छ। यस नगरपालिका काठमाडौं जिल्लाभित्रको सबैभन्दा ठूलो नगरपालिका हो। मिति २०७१ मंसिर १६ गते नेपाल सरकारको निर्णय बमोजिम साविक स्थानीय विकास (हाल संघीय मामिला तथा सामान्य प्रशासन)मन्त्रालयले ६१ बटा नयाँ नगरपालिका थप गर्दा काठमाडौं जिल्लाको साविक थानकोट, दहचोक, नैकाप, नयाँ भञ्ज्याङ, वाणभञ्ज्याङ, बलम्बु, महादेवस्थान, तीनथाना, सतुंगल, मातातीर्थ, मच्छेगाउँ र नैकाप पुरानो भञ्ज्याङ गरी जम्मा ११ वटा गाउँ विकास समितिलाई समेटेर २५ वटा वडा बनाई नगरपालिका घोषणा गरिएको थियो। नेपालको संविधान अनुसार राज्य पुनःसंरचना आयो गको पुनःसंरचनापछि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३ साल फागुन २२ गतेको स्थानीय तह पुनःसंरचना सम्बन्धी निर्णय २०७३ साल फागुन २७ गते राजपत्रमा प्रकाशित भएपछि स्थानीय तहको व्यवस्था लागू भई चन्द्रागिरि नगरपालिकामा जम्मा १५ वडा कायम भएको हो।

४३ दशमलव ९२ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको चन्द्रागिरि नगरपालिका यस नगरपालिकामा ४६ प्रतिशत शहरी र ५६ प्रतिशत अर्धशहरी क्षेत्र ओगटेको छ। यस नगरपालिकाको पूर्वमा कीर्तिपुर, पश्चिममा धुनीवेशी, उत्तरमा नागार्जुन र दक्षिणमा दक्षिणकाली नगरपालिका रहेको छ। जम्मा २२ हजार ७० घरधुरी रहेको यस नगरपालिकामा जम्मा एक लाख ३६ हजार ९२८ (पुरुष ६८ हजार ३५०, महिला ६८ हजार ५७८ ) जनसंख्या रहेका छन्। साथै, यस नगरपालिकामा अपाङ्गता भएका व्यक्ति दुई हजार ३२६ जनसंख्या रहेका छन् (जनगणना २०२१)। यस नगरपालिकामा छ निजी अस्पताल, एक आयुर्वेदिक अस्पताल, एक क्यान्सर अस्पताल, चार शहरी स्वास्थ्य क्लिनिक, तीन पोलिक्लिनिक, तीन क्लिनिक, ११ स्वास्थ्यचौकी, एक सशस्त्र प्रहरी अस्पताल, १४९ जना महिला स्वास्थ्य स्वयमंसेविका रहेको छन्।



यस नगरपालिकामा २३ सामुदायिक, ८८ निजी तथा तीन अनौपचारिक गरी जम्मा एक सय १४ विद्यालय रहेको छ । हाल नगर क्षेत्रभित्र ठोस फोहोरमैलाको व्यवस्थापनका लागि जम्मा छ वटा निजी संस्थाले फोहोरको व्यवस्थापन गरिरहेका छन् । यी कम्पनीहरूले मुख्यतया फोहोरलाई मिश्रितरूपमा जम्मा गर्ने, त्यसपछि पुनः प्रयोग गर्न मिल्ने फोहोरहरू अलग गरिने र जैविक र अन्य फोहोरजस्तै डायपर र सेनेटरी प्याडहरू ल्यान्डफिल साइटमा लैजाने गरिएको छ ।

बाक्लो जनसंख्या भएको आवासीय क्षेत्रमा जैविक फोहोरको मात्रा ४४ प्रतिशत छ भने व्यापारिक तथा बजार गतिविधिहरू बढी भएको क्षेत्रमा २७ प्रतिशत जैविक फोहोर रहेको छ । वडा नं ३ र ६ क्रमशः ५८४.२५ टन/वर्ष र ८२९.४४ टन/वर्ष फोहोर उत्पादन हुने गरेको छन् । नगरपालिकास्तरमा प्रतिदिन कुल २६ दशमलव पाँच टन फोहोर उत्पादन हुने अनुमान गर्न सकिन्छ । USAID स्वच्छ हावाले वडा नं १, ३, ६, १२ र १५ मा फोहोरमैला व्यवस्थापन सम्बन्धी गरेको अध्ययनको आधारमा नगरपालिकाको औसत फोहोर उत्पादन दुई सय ७० ग्राम प्रतिव्यक्ति प्रतिदिन रहेको छ ।

## १.३ चन्द्रागिरि नगरपालिकामा वायुप्रदूषणको अवस्था

चन्द्रागिरि नगरपालिका काठमाडौं उपत्यकाकै प्रमुख प्रवेश नाका भएकाले यस नगरपालिकाका प्रमुख राजमार्गमा सानाठूला लगायत मालवाहक सवारीसाधनको चाप अधिक भएका कारण यस क्षेत्रमा सवारीसाधनको उत्सर्जनबाट हुने प्रदूषणको प्रभाव बढी देखिन्छ । यसको उदाहरण राजमार्गमा रहेको डिभाइडर तथा बोटबिरुवामा प्रत्यक्ष देख्न सकिन्छ । यसका अलावा यस क्षेत्रमा रहेका दुईवटा इँटा उद्योग, पाँचवटा फोमका कारखाना तथा अन्य विभिन्न उद्योगका कारण पनि यस क्षेत्रमा वायुप्रदूषणको प्रभाव परेको देखिन्छ । साथै, कृषि क्षेत्रमा व्यापकरूपमा रसायन/विषादीको प्रयोग बढ्दो छ । वायुप्रदूषणका अन्य मुख्य कारणमध्ये फोहोरमैला, जथाभावीरूपमा फोहोर बाल्ने चलन, वन डढेलो आदि देखिएको छ । नगरपालिका क्षेत्रमा राखिएको प्रदूषण मापन यन्त्रको तथ्याङ्क अनुसार औसत पीएम २.५ अवस्था ५०-१७५ रहेको देखिन्छ ।

## १.४ वायुप्रदूषणका स्रोतहरू

चन्द्रागिरि नगरपालिकाले USAID स्वच्छ हावा परियोजना अन्तर्गत २०७९/८० मा गरेको समुदायस्तरमा गरेको छलफल कार्यक्रमको आधारमा चन्द्रागिरि नगरपालिकामा वायुप्रदूषणका निम्न स्रोतहरू देखिन्छन् ।

- सवारीसाधनबाट हुने उत्सर्जन
- औद्योगिक उत्सर्जन (धुवाँ, धुलो, गन्ध)
- सडकको धुलो/निर्माणको धुलो
- अव्यवस्थित फोहोर व्यवस्थापनबाट उत्सर्जन गन्ध
- फोहोरलाई खुलारूपमा जलाउने (औद्योगिक फोहोर)
- जथाभावी फोहोर डम्पिङ

- पशुपालनबाट आउने गन्ध (सुँगुर र कुखुरा)
- वनजंगलमा लाग्ने डढेलो
- वधशाला र प्रदूषित नदीहरूबाट आउने दुर्गन्ध
- विषादीको अत्याधिक प्रयोग
- अव्यवस्थित दिसाजन्य लेदो व्यवस्थापन
- सीमापार र क्षेत्रीय वायुप्रदूषण

## १.५ वायुप्रदूषणका कारण देखिएका समस्याहरू

चन्द्रागिरि नगरपालिकामा वायुप्रदूषण प्रमुख वातावरणीय समस्यामध्ये एक हो । जसले यहाँका बासिन्दाहरूको जनजीवनलाई खतरामा पारेको छ र वातावरणमा ठूलो प्रभाव पारेको छ। नगरपालिकामा क्यान्सर, श्वासप्रश्वास, मुटु र अन्य दीर्घकालीन रोगका बिरामी बढेको अधिकांश सरोकारवालाहरूको भनाइ तथा नगरपालिकाको स्वास्थ्य शाखाबाट गरिने जटिल रोगको सिफारिस तथा नगरपालिकाबाट जटिल रोग र सामान्य रोगको लागि गरिब, विपन्नलाई दिइने सुविधाको लागि प्रत्येक वर्ष गरिएको अनुदान रकमबाट पनि स्पष्ट हुन्छ । यसका अलावा वरिपरि धुलाम्य देखिने, सुकाउन राखिएको लुगाहरूमा धुलो हुने वा कालो हुने, रुख/जंगलमा कालो तह जम्मा भएको कारण उब्जनीमा नै कमी हुनेजस्ता समस्या देखिएको छ ।

वायुप्रदूषण सम्बन्धी ज्ञानको सन्दर्भमा विद्यालयका शिक्षकहरू र निजी क्षेत्रका प्रतिनिधिहरूले वायुप्रदूषण हुनुपछिको विज्ञान (प्रदूषकहरू) बुझे पनि अधिकांश मानिसले प्रायः उद्योग, सवारीसाधन, कच्चा सडकहरू र सडकबाट आउने धुलो र धुवाँलाई वायुप्रदूषणको रूपमा बुझेका छन् । वायुप्रदूषणको प्रभावका बाबजुद, यसका सरोकारवालाहरू, उच्चस्तरको स्थानीय सरकारदेखि नागरिक समाज लगायत समुदायस्तरका व्यक्तिहरूबाट वायु गुणस्तर व्यवस्थापनका लागि विशेष पहल र गतिविधिहरूको अभाव भएको देखिन्छ । यसको प्रमुख कारण सरोकारवालाहरूबीच वायुप्रदूषणको सम्भावित प्रभावहरूको बारेमा सचेतनाको अभाव हुन सक्छ ।

वायुप्रदूषण प्रमुख समस्याको रूपमा रहे पनि नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रममा वातावरण तथा वायुप्रदूषण व्यवस्थापन विषय प्राथमिकताका साथ समेट्दै आएको छ । संस्थागत हिसाबले हेर्दा पनि नगरप्रमुखको अध्यक्षतामा नगरस्तरीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्, १४ सदस्यसहितको सक्रिय वातावरण तथा विपद् व्यवस्थापन समिति रहेको र वातावरण तथा विपद् व्यवस्थापन शाखा मार्फत वातावरण संरक्षण सम्बन्धी कार्य हुँदै आएको छ । यसका अलावा नगरपालिकाले वातावरण संरक्षणको क्षेत्रमा प्राकृतिक स्रोत तथा वातावरण संरक्षण ऐन २०७७, वातावरणमैत्री इँटा उद्योगसम्बन्धी कार्यविधि २०७९, वातावरण संरक्षण कोष सञ्चालन कार्यविधि २०८० तयार तथा कार्यान्वयन गरी नीतिगत पहल गरेको देखिन्छ । तथापि वातावरण समिति तथा शाखाको संस्थागत विकासका साथै वातावरण क्षेत्रमा नगरस्तरीय नीतिगत व्यवस्था तथा संरचनामा थप सुदृढ गर्न आवश्यक देखिन्छ । यसका अलावा वायु गुणस्तर व्यवस्थापनका लागि विशेष

नीति र कार्यक्रमका साथै वायुप्रदूषण र यसका असरहरूमा वैज्ञानिक अनुसन्धान पनि आवश्यक देखिन्छ। नगरपालिकाको अधिकार क्षेत्रभन्दा बाहिरको सवारीसाधन सम्बन्धी मुद्दाका लागि अन्य नगरपालिकाहरूसँगको सहकार्य तथा यातायात व्यवस्थापन कार्यालय टेकुमा पहल गर्नुपर्ने देखिन्छ।

### १.६ वायुप्रदूषण व्यवस्थापनका लागि देखिएका अवसरहरू

नगरपालिकाका जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी र नागरिक समाजले वायुप्रदूषणलाई प्रमुख समस्यामध्येको एक मानी यसको न्यूनीकरण र व्यवस्थापनका लागि पहल गर्न तत्परता तथा प्रतिबद्धता देखाउँदै आएका छन्। स्थानीय सरकार, नागरिक समाज तथा सञ्जाल तथा निजी क्षेत्र समेत यसलाई साझा मुद्दाको रूपमा व्यवस्थापन गर्न आ-आफ्ना स्थानबाट विभिन्न पहल गरेको पाइन्छ। इँटा उद्योग संघले यस उद्योगबाट हुने उत्सर्जनलाई सुधार गर्न र नगरपालिकाको वायु गुणस्तर व्यवस्थापनमा योगदान पुर्‍याउन नयाँ तथा वातावरणमैत्री प्रविधिमा निरन्तर ध्यान केन्द्रित र अद्यावधिक गर्दै आएको छ।

## २. योजना निर्माण

### २.१ योजना निर्माणका प्रक्रिया

मूलतः स्थानीय अवस्थाको बारेमा छलफल र विश्लेषण गरी प्राप्त नतिजाको आधारमा रही विभिन्न सरोकारवाला व्यक्ति तथा निकायसँगको सहभागितामूलक छलफल र परामर्शबाट यो कार्ययोजना तयार पारिएको हो। अवस्था र सन्दर्भ विश्लेषणका क्रममा नगरपालिका कार्यालयको वातावरण तथा विपद् व्यवस्थापन, स्वास्थ्य, शिक्षा, सामाजिक शाखा लगायत विभिन्न वडामा सात वटा लक्षित समूह छलफलमार्फत करिब दुई सय २९ जनासँग समुदायस्तरको वायुप्रदूषणको अवस्था, भोगेका समस्या तथा चुनौतीका बारेमा छलफल गरिएको थियो। यसका साथै स्वास्थ्य र शिक्षा क्षेत्रसँग सम्बन्धित कर्मचारी लगायतका सरोकारवालासँगको छलफलबाट समेत वायुप्रदूषणका सन्दर्भमा ती क्षेत्रमा देखिएका समस्याको बारेमा छलफल गरिएको थियो।

नगर कार्यपालिका सदस्य, नगरपालिकाका विभिन्न शाखा प्रमुख, नागरिक समाजका प्रतिनिधि तथा निजी संस्थाको सहभागितामा कार्यशाला गोष्ठीमार्फत बृहत्रूपमा वायुप्रदूषणको सन्दर्भमा देखिएका समस्या, चुनौती तथा वायुप्रदूषण न्यूनीकरण एवं व्यवस्थापन कार्ययोजनालाई स्थानीयस्तरमा लै जानका लागि प्राथमिकताका क्षेत्रहरू पहिचान गरिएको थियो।

सोही कार्यशालापछि ग्क्ब्क्ू स्वच्छ हावाको सहकार्यमा चन्द्रागिरि नगरपालिकामा वायुप्रदूषण व्यवस्थापनसँग सम्बन्धित विभिन्न क्रियाकलाप गरिँदै आएको छ। यही क्रममा नगरपालिकामा अवस्थित वातावरण र वायुप्रदूषणसँग सम्बन्धित विभिन्न समस्यालाई चरणबद्ध एवं व्यवस्थितरूपमा नियन्त्रण र न्यूनीकरण गर्न वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकत्वमा यो कार्ययोजना

तयार पारिएको हो । सो समितिको संयोजकत्वमा पटक-पटकको बैठकमार्फत क्षेत्रगत अवस्थाको विश्लेषण, दीर्घकालीन सोच निर्धारण तथा कार्ययोजनाको मस्यौदा तयार पारियो । सो मस्यौदालाई विभिन्न तहमा छलफल, विश्लेषण तथा सुझावसहित अन्तिम रूप दिई कार्यपालिकाबाट पारित गरियो ।

### २.२ योजना निर्माणका कानुनी आधार

- नेपालको संविधान २०७२
- राष्ट्रिय वातावरण संरक्षण ऐन तथा नियमावली २०७६
- दिगो विकास लक्ष्य सन् २०१५-२०३०
- पन्ध्रौं पञ्चवर्षीय योजना
- जनस्वास्थ्य सेवा ऐन २०७५
- वन तथा वातावरण सुधारका लागि रणनीतिक कार्ययोजना २०७८
- राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६
- वन ऐन २०१९
- यातायात व्यवस्थापन कार्यविधि २०६०
- राष्ट्रिय स्वास्थ्य नीति २०७६
- जन स्वास्थ्य सेवा नीति तथा नियमावली २०७६
- फोहोर व्यवस्थापन नीति २०७७
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- स्थानीय तह संस्थागत स्वमूल्याङ्कन कार्यविधि २०७७
- स्थानीय सरकार वातावरणमैत्री प्रारूप २०७८
- काठमाडौं उपत्यकाका लागि वायुगुणस्तर व्यवस्थापन कार्ययोजना २०७६
- चन्द्रागिरि नगरपालिकाको वातावरण नीति र यससँग सम्बन्धित कानुनहरू

## ३. दीर्घकालीन सोच तथा कार्ययोजना

### ३.१ दीर्घकालीन सोच

वातावरणमैत्री स्वच्छ, स्वस्थ, सफा, हराभरा चन्द्रागिरि नगरपालिका ।

### ३.२ लक्ष्य

सहभागितात्मक तथा समानुपातिक पद्धतिको माध्यमबाट वातावरणमैत्री सफा हराभरा नगरको निर्माण गरी नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्ने ।

## ३.३ उद्देश्य

१) समुदायमा आधारित संघसंस्थाहरूको सहभागितामा घर, समुदाय, खोला/नदी सरसफाइ गर्न टोल-टोलमा वातावरणीय सुधार सम्बन्धी जनचेतनामूलक कार्यक्रमको माध्यमबाट सामाजिक बानी व्यवहारमा परिवर्तन ल्याउनुका साथै वातावरणमैत्री टोलको विकास गर्ने ।

२) नगरभित्र सञ्चालन हुने सार्वजनिक तथा अन्य यातायात व्यवस्थापनमा सुधार गर्दै विद्युतीय सवारी तथा स्वच्छ सवारीसाधनको प्रवर्द्धन गरी त्यसका कारण हुने वातावरणीय प्रभाव तथा वायुप्रदूषणको असरमा कमी ल्याउने ।

३) निजी क्षेत्रको समेत सहकार्यमा स्वच्छ ऊर्जा तथा प्रविधिको प्रयोगबाट नगरक्षेत्रमा रहेका इँटा तथा अन्य उद्योगबाट हुने उत्सर्जन कम गर्ने ।

४) वातावरणमैत्री तवरबाट फोहोरमैलाको व्यवस्थापन तथा खुलारूपमा फोहोर जलाउने कार्यमा नियन्त्रण गरी वातावरण प्रदूषण न्यूनीकरण गर्ने ।

५) विद्यालय मार्फत वातावरण शिक्षा विस्तार गरी सामाजिक व्यवहारमा परिर्वतन ल्याउने ।

६) वातावरण प्रदूषणको अवस्था, कारण, असर न्यूनीकरण र रोकथामका उपायहरूको सम्बन्धमा स्वास्थ्य संस्था तथा सञ्चारकर्मी मार्फत बृहत्तर जनचेतना अभिवृद्धि गरी बानी व्यवहारमा परिवर्तन ल्याउने ।

७) वन उपभोक्ता समितिको वातावरणीय क्षमता सुदृढीकरण मार्फत वन डढेलो नियन्त्रण गरी हरियाली प्रवर्द्धन गर्ने ।

८) वायुप्रदूषण न्यूनीकरणका लागि नीतिगत, कानुनी तथा संस्थागत संरचनाको सुदृढीकरण गर्दै आर्थिक स्रोतको सुनिश्चितता गर्ने ।

# ४. कार्ययोजना

## ४.१ उद्देश्य १

समुदायमा आधारित संघसंस्थाहरूको सहभागितामा घर, समुदाय, खोला/नदी सरसफाइ गर्न टोल-टोलमा वातावरणीय सुधार सम्वन्धी जनचेतनामूलक कार्यक्रमको माध्यमबाट सामाजिक बानीव्यवहारमा परिवर्तन ल्याउनुका साथै वातावरणमैत्री टोलको विकास गर्ने ।

### ४.१.१ वर्तमान अवस्था

चन्द्रागिरि नगरपालिका अन्तर्गत विभिन्न सामुदायिक संघसंस्थाहरू दर्ता भई क्रियाशील रहेका छन् । यस नगरपालिकामा जम्मा २८१ (आ व ०७९/८० सम्ममा) वटा संघसंस्था सञ्चालनमा रहेका छन् । वातावरणको सवालमा क्रियाशील यस्ता संघसंस्थाहरूमा टोल विकास समिति, विभिन्न युवा समाज, टोल सुधार उपभोक्ता समिति, महिला समूह, खानेपानी तथा सरसफाइ आदि पर्छन् । केही गैरसरकारी संघसंस्थाहरू पनि नगरपालिका क्षेत्रमा कार्यरत छन् । दुई सय ८१ वटा संघसंस्थामा जम्मा १८ वटा संस्था र समूहले भने वातावरण तथा सरसफाई सम्बन्धी काम गर्ने गर्छन् । यी समूहले वातावरण तथा सरसफाइ संरक्षणमा टेवा पुऱ्याउने, वातावरणको सवालमा पैरवी गर्ने, जनचेतनामूलक कार्यक्रम, हरियाली बढाउने क्रियाकलाप लगायत विभिन्न खालका तालिम गोष्ठीहरू गर्दै आएका छन् ।

### ४.१.२ समस्या तथा चुनौतीहरू

उल्लेखित विभिन्न समूह र संघसंस्थाहरूमा वातावरण वा विशेषगरी वायुप्रदूषण सम्बन्धी जानकारी राख्ने मानवीय संशाधन र समर्पित संयन्त्रको अभाव रहेको सन्दर्भमा यिनीहरूले प्रभावकारी भूमिका खेल्न नसकेको देखिन्छ । साथै, यस्ता संघसंस्था पूर्णरूपले वातावरण तथा सरसफाइको बारेमा खासै सक्रिय देखिँदैन । यसका अलावा वातावरणीय तथा वायुप्रदूषणमा टेवा पुग्ने खालका सामाजिक बानी व्यवहारहरू, जस्तै; खुलारूपमा फोहोर जलाउने, जथाभावी फोहोर फाल्नेजस्ता अभ्यासमा कमी ल्याउने काममा समेत सक्रिय हुनु आवश्यक देखिन्छ ।

२०७८ को जनगणनाको तथ्याङ्क अनुसार चन्द्रागिरि नगरपालिका क्षेत्रमा अझै पनि १.८४ प्रतिशत घरधुरी तथा वडा नं १ र वडा नं २ मा सबैभन्दा बढी क्रमशः ९.२५ प्रतिशत र १६.३३ प्रतिशत घरधुरीले दाउरामा खाना पकाउने गरेको देखिन्छ । दाउरामा खाना पकाउँदा घरभित्रको प्रदूषणले महिला तथा बालबालिकाको स्वास्थ्यमा असर पर्ने सम्भावना अधिक देखिन्छ । यस्ता खालका सचेतना तथा स्वच्छ ऊर्जाको प्रयोगमा समेत नागरिक समाज तथा स्थानीय संस्थाको भूमिका महत्वपूर्ण देखिन्छ ।

यसका अलावा पैरवी र जवाफदेहिताको लागि पनि यिनीहरूमा आवश्यक क्षमताको अभाव देखिन्छ। अर्कोतिर यी समूहले तत्काल सरकारी निकायसँग सहकार्य गर्न सक्ने वातावरण पनि सिर्जना गर्नुपर्ने देखिन्छ। यस अर्थमा नियमित क्षमता विकासको प्रयासबाट मात्रै उल्लेखित विभिन्न समूह र संघसंस्थाहरूले प्रभावकारी भूमिका खेल्न सक्षम हुन सक्ने देखिन्छ।

### ४.१.३ सम्भावना तथा अवसरहरू

नगरपालिकामा रहेका क्रियाशील समूह, संघसंस्था, नागरिक समाज एवं सञ्चारमाध्यमको भूमिकाले वायुप्रदूषण रोकथाममा ठूलो टेवा पुग्न सक्ने देखिन्छ। स्थानीय समूह परिचालन मार्फत खुलारूपमा फोहोर जलाउने कार्य रोक्न सहज हुनेछ। स्थानीय समूह परिचालन र स्थानीय सञ्चारमाध्यमको सहकार्यमा नगरस्तरमा वायुप्रदूषण घटाउने सम्बन्धमा आमनागरिकको बानी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ। चुस्त फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षणमा नगरपालिकालाई खबरदारी गर्न र जवाफदेही बनाउन नागरिक समाज एवं सञ्चारमाध्यमको सशक्त भूमिका अपरिहार्य देखिन्छ। 'मेरो फोहर मेरो जिम्मेवारी, हाम्रो टोल हाम्रो जिम्मेवारी'को रूपमा विकास भई सार्वजनिक स्थान, सडक, खोलामा फोहर फ्याक्ने बानीमा सुधार हुने देखिन्छ।

### ४.१.४ रणनीति

- नगरपालिकाले गर्ने सबैखालका कार्यमा सहभागितात्मक पद्धति अपनाई सबै तह तथा वर्गका नागरिकको संलग्नता सुनिश्चित गर्ने।
- नियमितरूपमा टोल विकास संस्था नागरिक सञ्जालसँग समन्वय गरी प्राप्त सुझाव तथा आवश्यकता वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने।
- कार्यक्रम कार्यान्वयन तथा अनुगमनमा टोल विकास संस्था नागरिक सञ्जालका प्रतिनिधिको सहभागिता सुनिश्चित गर्ने।

## ४.१.५ कार्ययोजना

| क्र.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १ | समुदायमा आधारित संघसंस्थाहरू, महिला समूह, युथ क्लबहरू, वन समूह, टोल, सहकारीहरूलाई वायुप्रदूषण र यसका असरबारे क्षमता अभिवृद्धि गर्ने | ✓ | ✓ | ✓ | • हरेक वडामा वातावरण तथा वायु गुणस्तरमा काम गर्ने संघसंस्था, महिला समूह, युथ क्लब, वन समूह, टोल, सहकारीको संख्या यकिन भई काममा अग्रसर हुने | च.न.पा | संघसंस्थाहरू, महिला समूह, युथ क्लब, वन समूह, टोल, सहकारी, स्वच्छ हावा परियोजना | • नगरपालिकामा दर्ता सूचीकृत भएको प्रमाण<br>• टोल विकास संस्थाको माइन्युट तथा वडाको प्रतिवेदन |
| २ | सार्वजनिक स्थानमा वृक्षारोपण गरी टोल तथा समुदायमा हरियाली प्रवर्द्धन गर्ने | ✓ | ✓ | ✓ | • वडा तथा नगर पालिकाको समन्वयमा उपयुक्त प्रजातिका बोटबिरुवा रोपी हरियाली कायम गर्ने | च.न.पा | संघसंस्थाहरू, महिला समूह, युथ क्लब, वन समूह, टोल, सहकारी, स्वच्छ हावा परियोजना | • निर्णय पुस्तिका तथा सूचनापाटी |
| ३ | घरभित्रको प्रदूषणबाट स्वास्थ्यमा पर्ने असरका बारेमा विशेषगरी सीमान्तकृत महिला, बालबालिका, जेष्ठ तथा अपाङ्गता भएका नागरिकलाई सचेत गरी वैकल्पिक ऊर्जा/ विद्युतीय चुलोको उपयोग प्रवर्द्धन गर्न जनचेतना वृद्धि लगायत सिप वृद्धिका लागि प्रशिक्षण प्रदान गर्ने | ✓ | ✓ | ✓ | • प्रशिक्षण प्राप्त गरी सोमध्ये कम्तीमा ५० प्रतिशत वैकल्पिक ऊर्जा/ विद्युतीय चुलोको प्रयोग गरेको हुने | च.न.पा | स्थानीय नागरिक | • प्रशिक्षणको प्रतिवेदन र अनुगमनको प्रतिवेदन |

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ४ | सेनिटरी प्याडको विकल्पको रूपमा पुनः प्रयोग हुने कपडाको प्याड र सेनिटरी कप प्रयोग गर्न प्रोत्साहन गर्ने र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | ✓ | ✓ | ✓ | • कपडाको प्याड र सेनिटरी कप प्रयोग गरेको हुने | च.न.पा | स्थानीय नागरिक, संघ-संस्थाहरू, गैससं | • प्रशिक्षणको प्रतिवेदन र अनुगमनको प्रतिवेदन |
| ५ | नियमितरूपमा खानेपानीका मूलहरूको सरसफाइ कार्यक्रम सञ्चालन गर्ने | ✓ | ✓ | ✓ | • टोल तथा वडामा खानेपानीको लगत राखी संरक्षण गरेको र स्रोतहरूको गुणस्तर परीक्षण गरेको | च.न.पा | खानेपानी उपभोक्ता समिति | • खानेपानीको मुहानहरूको संख्यात्मक विवरण प्रतिवेदन |
| ६ | लैंङ्गिकमैत्री, बालमैत्री र अपाङ्गमैत्री सार्वजनिक शौचालयको निर्माण गरी उचित व्यवस्थापन गर्ने | ✓ | ✓ | ✓ | • धार्मिक तथा पर्यटकीय क्षेत्रमा सार्वजनिक शौचालय निर्माण भएको | च.न.पा | स्थानीय नागरिक, संघ-संस्थाहरू, गैससं | • निर्माण सम्पन्न प्रतिवेदन तथा सूचना पाटी |
| ७ | प्लास्टिकजन्य वस्तुहरूको विकल्पमा कागज र कपडाका झोला प्रयोगमा प्रोत्साहन गर्ने | ✓ | ✓ | ✓ | • नगरपालिकामा यस सम्बन्धी नीति तथा कार्यविधि तयार भएको हुने<br>• कम्तीमा तीन वडामा नमुनाको रूपमा लागू हुने<br>• स्थानीय महिला तथा अन्य उद्यमीलाई प्रोत्साहन गरी कपडा झोला उत्पादन तथा खपत भएको हुने | च.न.पा | स्थानीय नागरिक, संघ-संस्थाहरू | • नीति तथा कार्यविधिप्रति<br>• वडाको प्रतिवेदन<br>• उद्योगहरूको संख्यात्मक विवरण तथा प्रतिवेदन |

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ८ | समुदायस्तरमा वातावरण सम्वन्धी मासिक रूपमा जनचेतनामूलक कार्यक्रम गर्ने | ✓ | ✓ | ✓ | • हरेक वडामा स्थानीय समूह तथा संस्था मार्फत नियमित रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने | च.न.पा | स्थानीय नागरिक, संघ-संस्थाहरू | • माइन्युटको प्रति<br>• सहभागीहरूको संख्या |
| ९ | जनसहभागितामा टोल सरसफाइ तथा सौन्दर्यता कायम गर्ने | ✓ | ✓ | ✓ | • नियमितरूपमा सरसफाइ तथा घरको कम्पाउन्ड/छतमा फूल/बिरुवा रोपी सौन्दर्य कायम भएको हुने | च.न.पा | स्थानीय नागरिक, संघ-संस्थाहरू | • टोल सुधार समितिको माइन्युट तथा वडाको प्रतिवेदन |
| १० | टोल/बस्तीहरूमा वातावरण सम्वन्धी सन्देशमूलक बोर्ड राख्ने | ✓ | ✓ | ✓ | • मुख्य चोकहरूमा सन्देशमूलक बोर्ड राखेको हुने | च.न.पा | स्थानीय नागरिक, संघ-संस्थाहरू | • सन्देशमूलक बोर्डको संख्या |
| ११ | बल्खु खोला र यसका सबै शाखा खोलाहरूमा कोरिडोर सडक वातावरणमैत्री बनाइने (ग्रिन बेल्टसहितको), राजमार्ग, मूल सडक र खोलाको छेउछाउमा हरियाली प्रवर्द्धन गर्ने | ✓ | ✓ | ✓ | • सडक निर्माणसँगै तोकिएका जातका बिरुवाहरू रोपेको हुने | च.न.पा | स्थानीय नागरिक, संघ-संस्थाहरू | • निर्णयको प्रति तथा कार्यक्रम सम्पन्नताको प्रतिवेदन |
| १२ | नागरिक समाजको संलग्नतामा नागढुंगा, चेकपोस्ट, गुर्जुधारा, नैकाप ढुङ्गेअड्डा लगायत मुख्य चोकमा स्वच्छ हावा कार्यक्रम अभियान सञ्चालन | ✓ | ✓ | ✓ | • तोकिएका स्थानहरूमा त्रैमासिक रूपमा स्वच्छ हावा कार्यक्रम अभियान सञ्चालन भएको हुने | च.न.पा | नागरिक समाज, USAID स्वच्छ हावा | • अभियानको संख्या तथा सञ्चालनको माइन्युट |

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १३ | स्थानीय संघ-संस्थाको सञ्जाललाई वायुप्रदूषण तथा पैरवी सम्बन्धी विषयमा क्षमता अभिवृद्धि कार्यक्रम । | ✓ | ✓ | ✓ | • वर्षको दुई वटा तालिम सञ्चालन भएको हुने | च.न.पा | स्थानीय संघ-संस्था, ग्वक्ष्म स्वच्छ हावा | • प्रशिक्षणको प्रतिवेदन |
| १४ | नागरिक समाजको संलग्नतामा प्रदूषण न्यूनीकरण अभियान सञ्चालन, अनुगमन तथा पैरवी कार्यक्रम परिचालन गर्ने | ✓ | ✓ | ✓ | • वातावरण सम्बन्धी मुद्दा उत्थान भई नियमित अनुगमन भएको हुने | च.न.पा | नागरिक समाज | • नागरिक समाजको माइन्युट र अनुगमनको चेकलिस्ट तथा प्रतिवेदन |
| १५ | नागरिक समाजको सहभागितामा सार्वजनिक सुनुवाइ, सामाजिक लेखाजोखाजस्ता जवाफदेहिताका विधिको प्रयोग गरी सामाजिक उत्तरदायित्व कायम । | ✓ | ✓ | ✓ | • सामाजिक जवाफदेहिता विधिको प्रयोग गरी चौमासिक रूपमा कार्यक्रम सञ्चालन भई स्थिति सार्वजनिकीकरण भएको | च.न.पा | नागरिक समाज | • नगरपालिका वेभसाइट अध्यावधि |

## ४.२ उद्देश्य २

नगरभित्र सञ्चालन हुने सार्वजनिक तथा अन्य यातायात व्यवस्थापनलाई वातावरणमैत्री र नागरिकमैत्री रूपमा सुधार गरी विद्युतीय सवारीसाधन तथा स्वच्छ सवारीसाधनको प्रवर्द्धनबाट सवारीसाधनका कारण हुने वातावरणीय प्रभाव तथा वायुप्रदूषणको असरमा कमी ल्याउने ।

### ४.२.१ वर्तमान अवस्था

चन्द्रागिरि नगरपालिका काठमाडौं उपत्यकाको प्रमुख प्रवेशद्वार हो । नेपालको ७७ जिल्लामा ६६ जिल्लाको बाटो यही राजमार्ग हुँदै काठमाडौंसँग जोडिन्छ । यस नगरपालिकामा रहेको मध्य राजमार्ग र भित्री राजमार्ग सडकको कुल लम्बाइ ४३३.०४ किलोमिटर छ । करिब ३३ प्रतिशत सडक कालोपत्रे छ । सडकको ४६ प्रतिशत भाग माटोको र १८ प्रतिशत सडक ग्राभेलको छ । चन्द्रागिरि नगरपालिकाको पूर्वमा कीर्तिपुर, पश्चिममा धुनिबेशी, उत्तरमा नागार्जुन र दक्षिणमा दक्षिणकाली नगरपालिकाले घेरिएको छ । दैनिक चन्द्रागिरिसँग जोडिएको राजमार्गमा एक लाखभन्दा बढी सानाठूला गाडी चल्ने अनुमान छ भने चाडपर्वको समयमा पाँच लाखभन्दा बढी गाडीहरू चल्ने गरेको तथ्याङ्क रहेको छ । सो राजमार्गमा चल्ने लामो दूरीको यातायात प्रायः राम्रै अवस्थामा रहेको छ भने छोटो दूरीमा चल्ने गाडी भने अलिक पुराना र अव्यवस्थित छन् ।

त्यसैगरी २०७८ को जनगणनाको तथ्याङ्क अनुसार नगरपालिका क्षेत्रभित्र जम्मा नौ प्रतिशत घरधुरीमा चार पाङ्ग्रे सवारीसाधन, ४८ प्रतिशतमा मोटरसाइकल र नौ प्रतिशत घरसँग साइकल भएको देखिन्छ । तर आगामी दिनमा यस नगरपालिकाको सवारीसाधनको प्रतिशतमा वृद्धि भई त्यसबाट हुन सक्ने वायुप्रदूषण कम गर्ने दिगो तथा प्रभावकारी व्यवस्था तथा हिँड्ने तथा साइकलको प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।

राजमार्गमा गुड्ने सवारीसाधनबाट हुने प्रदूषण नियन्त्रण गर्न २०८० साल असोज तथा २०८१ जेठ महिनामा चन्द्रागिरि नगरपालिकाले यातायात, ट्राफिक प्रहरी तथा स्वच्छ हावा परियोजनासँगको समन्वयमा नमुनाको रूपमा प्रदूषण चेकजाँच शिविर सञ्चालन गरी हरियो स्टिकर वितरण तथा फेल भएका सवारीसाधनका चालकलाई स्थलगत प्रशिक्षण समेत गरिएको थियो ।

### ४.२.२ समस्या तथा चुनौतीहरू

यस नगरपालिकाभित्र पर्ने कलंकी-नागढुङ्गा सडकमार्गको सडक स्तरोन्नति र फुटपाथ बनाउने र सबै वडाका अधिकांश सडकको मर्मतसम्भार र सडक छेउको नालीमा तत्काल ध्यान दिन आवश्यक छ । यसबाहेक सडक पूर्वाधारमा उचित फुटपाथ, काँध, जेब्रा क्रसिङ र ट्राफिक चिह्नको अभाव छ । सहरीकरणसँगै नगरपालिकामा पेट्रोल तथा डिजेलबाट चल्ने सवारीसाधनको चाप बढ्दै गएको अवस्था छ भने भविष्यमा अझै तीव्र गतिमा बढ्दै जाने देखिन्छ । यसले गर्दा नगरपालिकामा सवारीको कारणले हुने प्रदूषणको मात्रा पनि बढ्दै जाने देखिन्छ । संघीय सरकार, प्रदेश सरकार, स्थानीय

सरकार, यातायात व्यवसायी, नागरिक समाज तथा अन्य सरोकारवालाहरूको सहभागितामा पहल गर्ने हो भने प्रदूषण न्यूनीकरणमा महत्वपूर्ण टेवा पुग्न सक्ने देखिन्छ । यसका साथै सडक निर्माण कार्य निर्धारित समयमा सम्पन्न नहुने, केही सडकहरू कालोपत्र हुन बाँकी रहेको र सडक निर्माणका क्रममा फुटपाथको व्यवस्था नगरिँदा तथा सडक र नदी किनारमा हरियाली नहुँदा धुलोको समस्या पनि अत्याधिकरूपमा बढेको देख्न सकिन्छ । विविध समस्या तथा चुनौतीहरूका बाबजुद स्थानीयस्तरमा वायुप्रदूषण न्यूनीकरणका लागि आवश्यक पहलकदमीहरू प्राथमिकताका साथ अवलम्बन गरिएको देखिँदैन ।

### ४.२.३ सम्भावना तथा अवसरहरू

स्थानीय सरकार, नागरिक समाज, यातायात व्यवसायी, निर्माण व्यवसायी, ट्राफिक प्रहरी कार्यालय तथा यातायात व्यवस्था विभागको समन्वयमा सवरीसाधन उत्सर्जन मापदण्ड निर्धारण गर्ने, नियमित सवारी चेकजाँचको व्यवस्था तथा नियमन गर्न सकिने देखिन्छ । साथै, विभिन्न संघसंस्थाको सहकार्यमा सवारीसाधनबाट हुने वायुप्रदूषण न्यूनीकरणका लागि नवप्रवर्द्धनका कार्यहरू गर्न सकिने देखिन्छ । नगरपालिकाले यातायात गुणस्तरीय व्यवस्थापनमा काम गरेको देखिन्छ भने त्यस कार्यलाई नियमित र समर्पित भई सम्पादन गर्दा झन् राम्रो हुने देखिन्छ ।

### ४.२.४ रणनीति

- नगरपालिका क्षेत्रभित्र गुड्ने विशेषगरी सार्वजनिक सवारीहरू नियमित सर्भिसिङ र मर्मत गरी प्रदूषण चेक नियन्त्रण तथा न्यूनीकरणमा टेवा पुऱ्याउने ।
- विभिन्न निजी तथा अन्य संस्थाहरूको सहकार्यमा प्रभावकारी सार्वजनिक सवारी प्रवर्द्धन गरिनुका साथै साइकल संस्कृति तथा हिँड्ने बानीको विकास गर्ने कार्यमा प्राथमिकता प्रदान गर्ने ।

## ४.२.५ कार्ययोजना

| क्र.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १ | राजमार्गलगायत विभिन्न रुटमा चल्ने सार्वजनिक यातायातको अभिलेख राख्ने, नियमित चेकजाँच गराउने र सोको अनुगमन प्रणाली व्यवस्थित गर्ने | ✓ | ✓ | ✓ | • सवारीसाधन प्रदूषण चेकजाँच कार्यविधि तयार भएको<br>• नियमित रूपमा चेकजाँच सञ्चालन भएको | च.न.पा. | यातायात व्यवस्था विभाग, ट्राफिक कार्यालय, नगरपालिका अनुगमन समिति तथा नागरिक समाजको परिचालन | • कार्यविधि राजपत्रको प्रति<br>• चेकजाँचको प्रतिवेदन |
| २ | सार्वजनिक तथा निजी दुवै सवारीसाधनबाट निस्कने उत्सर्जन नियमित जाँच गर्ने संयन्त्र निर्माण गर्ने । | ✓ | | | • नगरपालिकाको आफ्नै मेसिन र जनशक्ति मार्फत नियमित चेकजाँच भएको<br>• सवारीसाधनको नियमित प्रदूषण नियन्त्रण चेकजाँच गराई Green Sticker टाँस्ने गरेको | च.न.पा. | ट्राफिक व्यवस्थापन कार्यालय, यातायात व्यवसायी | • मेसिन तथा जनशक्तिको अभिलेख<br>• कार्यविवरण प्रतिवेदन |
| ३ | मुख्य चोकहरू (नागढुंगा, चेकपोस्ट, गुर्जुधारा, नैकाप, ढुङ्गेअड्डा) मा वायुप्रदूषण तथा आद्रता मापन यन्त्र जडान सूचना सार्वजनिक गर्ने । | | ✓ | ✓ | • छनौट भएका स्थानमध्ये कम्तीमा दुई स्थानमा यन्त्र जडान तथा प्राप्त सूचना सार्वजनिक भएको | च.न.पा. | USAID स्वच्छ हावा परियोजना | • निर्णय तथा सम्पन्न माइन्युट र प्रतिवेदन |
| ३ | नगरवासीलाई विद्युतीय सवारीसाधन खरिद र प्रयोग गर्न उत्प्रेरणा गर्दै चार्जिङ स्टेसन स्थापना गर्न विभिन्न सरोकार निकायसँग समन्वय गर्ने | | ✓ | ✓ | • कम्तीमा दुई चार्जिङ स्टेसन स्थापना<br>• विद्युतीय सार्वजनिक यातायात सञ्चालन भएको | च.न.पा. | स्वच्छ हावा परियोजना (डिजाइन निर्माण), निजी क्षेत्र, नेपाल विद्युत् प्राधिकरण | • नपाको निर्णय माइन्युट |

| क्र.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ४ | सडक विभागसँगको समन्वयमा सवार ीसाधनको सहज पहुँचको लागि नगर सडकको स्तरोन्नति गर्ने । | | ✓ | ✓ | • कलङ्की-नागढुङ्गा राजमार्गको आधारभूत मापदण्ड तयार हुने | च.न.पा. | सडक विभाग | • सडक विभाग र न. पा को समन्वय बैठक माइन्युट |
| ५ | हिँड्ने र साइकल प्रवर्द्धन गर्न आवश्यक जनचेतना अभिवृद्धि गर्ने र पूर्वाधार मा लगानीका लागि समन्वय | | ✓ | ✓ | • एक किलोमिटर साइकल लेन तोकिएको हुने<br>• हिँड्ने र साइकल प्रवर्द्धन गर्न आवश्यक निर्देशिका तयार हुने<br>• निजी क्षेत्रसँग पूर्वाधारमा लगानीका लागि समन्वय बैठक | च.न.पा. | निजी क्षेत्र | • निर्णय प्रति<br>• निर्देशिका प्रति<br>• बैठक माइन्युट |
| ६ | सडक विभाग, खानेपानी तथा ढल व्यवस्थापन विभाग र विद्युत् प्राधिकरणसँग समन्वय गरी सडक, खानेपानी तथा ढल व्यवस्थित गर्ने । | ✓ | ✓ | ✓ | • वार्षिकरूपमा १/२ वटा समन्वय बैठक गर्ने | च.न.पा. | सडक विभाग, खानेपानी तथा ढल व्यवस्थापन विभाग र , विद्युत् प्राधिकरण | • बैठक माइन्युट |
| ७ | सवारीसाधनको उत्सर्जन कम गर्न सवारी मर्मतका लागि चेतना बढाउने र क्षमता वृद्धि । | ✓ | ✓ | ✓ | • सवारी मर्मतका लागि तालिम सामग्री तयार<br>• २० जनालाई सवारी मर्मत सम्भार तालिम दिने | च.न.पा. | स्वच्छ हावा परियो जना, यातायात व्यवसायी, नागरिक समाज | • तालिम सामग्री तयार प्रति<br>• तालिमको प्रतिवेदन |
| ८ | सार्वजनिक यातायातलाई सबै बासिन्दालाई सजिलै उपलब्ध, पहुँचयोग्य र किफायती बनाउने । | ✓ | ✓ | ✓ | • सहुलियतमा आधारित सार्वजनिक यातायातलाई नगरपालिकाले तोकिएको सेवा दिए बापत वार्षिक सहयोग गर्ने | च.न.पा. | यातायात व्यवसायी, नागरिक समाज | • वार्षिक कार्यक्रम तथा कार्यक्रम प्रतिवेदन |

## ४.३ उद्देश्य ३

निजी क्षेत्रको समेत सहकार्यका स्वच्छ ऊर्जा तथा प्रविधिको प्रयोगबाट नगरक्षेत्रमा रहेका विभिन्न उद्योगको उत्सर्जन कम गरी वायु तथा वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने ।

### ४.३.१ वर्तमान अवस्था

चन्द्रागिरि नगरपालिकाको अर्थतन्त्र विविध छ, पर्यटन, खुद्रा र सेवासँग सम्बन्धित उद्योगहरूले यसको विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । यस क्षेत्रभित्र धेरै ठूलासाना कलकारखानाहरू सञ्चालनमा रहेका छन् । इँटा उद्योगको कुरा गर्दा चन्द्रागिरि नगरपालिकाभित्र केही वर्ष अगाडि १६ वटा इँटा उद्योग रहेकोमा पछिल्लो वर्षमा यो संख्या चार वटामा सीमित भएको थियो । आजको दिनमा यो संख्या घटेर १-२ वटा मात्र रहेको छ र यी कारखानाले पनि वातावरणमैत्री बनाउने प्रक्रिया अघि बढाइरहे का छन् । पालिकाले पनि वातावरणमैत्री बनाउन दबाब र सचेत गराउँदै आएको छ ।

### ४.३.२ समस्या तथा चुनौतीहरू

चन्द्रागिरि नगरपालिका एक पर्यटकीय पालिका हो । प्रदूषणका कारण पर्यटन क्षेत्रमा नकारात्मक असर पर्न सक्ने देखिन्छ । प्रदूषण न्यूनीकरणका लागि विद्यमान उद्योगहरूमा वातावरणमैत्री प्रविधिको प्रयोग व्यापक रूपमा गर्न सकेको देखिँदैन । अवस्थित पूर्वाधारलाई वातावरणमैत्री बनाउन धेरै ठूलो लगानी लाग्ने हुनाले पनि उद्योग व्यवसायहरू अलिक निरुत्साहित देखिन्छन् ।

### ४.३.३ सम्भावना तथा अवसरहरू

यस नगरपालिकामा स्थानीय सरकार, निजी क्षेत्र तथा नागरिक समाजबीच समन्वयको वातावरण तयार भएको हुँदा प्रदूषण न्यूनीकरणमा सहकार्यको प्रचुर सम्भावना रहेको देखिन्छ । नगरपालिका आफैँमा पनि पर्यटकीय, पुरातात्विक तथा ऐतिहासिक महत्व बोकेको हुँदा यस नगरपालिकाले प्रदूषण न्यूनीकरणमा नमुनाको रूपमा प्रस्तुत गर्न सकेमा हरित पर्यटकीय केन्द्र नमुनाको रूपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

### ४.३.४ रणनीति

- नगरपालिकाभित्र चल्ने उद्योग तथा कलकारखानामा नयाँ प्रविधिको स्वच्छ ऊर्जा प्रयोगमा प्रोत्साहन तथा हरित अर्थतन्त्रमा टेवा पुर्‍याउने ।
- उद्योग तथा कलकारखानाहरूबाट हुने प्रदूषण नियन्त्रण तथा न्यूनीकरणका लागि नागरिक समाजसहितको प्रभावकारी अनुगमन प्रणालीको व्यवस्था गर्ने ।
- उद्योग तथा कलकारखानाबाट हुने प्रदूषण नियन्त्रण गर्न अनुगमन तथा तय गरिएको मापदण्डको आधारमा कारबाही तथा पुरस्कृत गर्ने ।
- उद्योग तथा कलकारखानासम्बन्धी नीति तथा कार्यक्रम निर्माणमा सम्बन्धित सरोकार पक्षको संलग्नता र सहभागिताको सुनिश्चित गर्ने ।
- वातावरणीय सुधारमा निजी क्षेत्रको सहभागिता र लगानी बढाउन टेवा पुर्‍याउने ।

## ४.३.५ कार्ययोजना

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १ | वैकल्पिक ऊर्जा तथा प्रदूषण नियन्त्रण गर्न आवश्यक प्रविधिबारे अध्ययन, जानकारी र परीक्षणका लागि तालिम तथा गोष्ठी सञ्चालन । | ✓ | ✓ | ✓ | • नगरपालिका कर्मचारी, नगरसभा सदस्यहरू, नागरिक समाजका संघसंस्थालाई तालिम दिने | च.न.पा. | स्वच्छ हावा परियोजना, निजी क्षेत्र, नागरिक समाज | • तालिम प्रतिवेदन |
| २ | उद्योग तथा कलकार खाना सञ्चालन कार्यमा वातावरणमैत्री प्रविधिको अनिवार्य प्रयोग गराउने । | | ✓ | ✓ | • व्यवसाय, उद्योग कलकार खानाको वडागत तथ्याङ्क संकलन र समन्वय बैंठक गर्ने | च.न.पा. | व्यवसाय, उद्योग कल कारखाना, नागरिक समाज | • तथ्याङ्क प्रतिवेदन<br>• बैंठक माइन्युट |
| ३ | नागरिक समाजको सहकार्यमा नगर क्षेत्रमा सञ्चालित उद्योगहरूको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने । | | ✓ | ✓ | • अनुगमन चेकलिस्ट तयार<br>• वार्षिक दुई वटा अनुगमन गर्ने | च.न.पा. | व्यवसाय, उद्योग कलकारखाना, नागरिक समाज | • अनुगमन चेकलिस्ट<br>• वार्षिक अनुगमन प्रतिवेदन |
| ४ | हरित व्यवसाय प्रवर्द्धन गर्न आवश्यक तालिम सञ्चालन गर्ने । | | ✓ | ✓ | • हरित व्यवसाय सम्बन्धी तालिमपुस्तिका तयार<br>• वार्षिक एक सय जनालाई तालिम दिने | च.न.पा. | व्यवसाय, उद्योग कलकारखाना, नागरिक समाज, USAID स्वच्छ हावा | • तालिमपुस्तिका प्रति<br>• तालिम प्रतिवेदन |
| ५ | वातावरण तथा जनस्वास्थ्यमा प्रदूषण नियन्त्रणका लागि राम्रो काम गर्नेलाई पुरस्कार व्यवस्था गर्ने । | | ✓ | ✓ | • पुरस्कारको लागि सूचकहरू तयार गरी वर्षमा बढीमा पाँच वटा उद्योगलाई पुरस्कार दिने | च.न.पा. | व्यवसाय, उद्योग कलकारखाना, नागरिक समाज, | • सूचकहरू छपाइ र निर्णय माइन्युट तथा प्रतिवेदन |

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ६ | विभिन्न उद्योगका कामदार तथा मजदुर हरूलाई प्रदूषणबाट बच्न आवश्यक व्यवस्था गने ' नीतिको व्यवस्था गरी नियमित नियमन गर्ने । | | ✓ | ✓ | • वार्षिक नीतिमा समावेश गर्ने, सचेतना गर्ने | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, उद्योग व्यवसायी | • वार्षिक नीतिमा समावेश भएको हुने |
| ७ | महिला, विपन्न अपाङ्गता, लैंगिक तथा यौनिक अल्पसंख्यक वर्गको आर्थिक विकासका लागि वातावरण सन्तुलन तथा वायुप्रदूषण व्यवस्थापनमा टेवा पुऱ्याउने विभिन्न व्यवसाय तथा सिपको प्रशिक्षण प्रदान । | | ✓ | ✓ | • सबै वडाका सरोकार वालालाई तालिम सञ्चालन गर्ने | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज तथा सरोकारवाला संघसंस्था, स्वच्छ हावा परियोजना USAID स्वच्छ हावा | • तालिम प्रतिवेदन |
| ८ | वित्तीय संस्था, होटल, मार्ट, ग्यारेज, खाद्यपदार्थ तथा पेयपदार्थ उत्पादन गने ', गार्मेन्ट व्यवसायीहरूमा सकारात्मक सोचको विकास गरी वायुप्रदूषण न्यूनीकरणमा क्षमता वृद्धि गरी वित्तीय लगानी गराउन प्रोत्साहन गर्ने । | | ✓ | ✓ | • हरियाली प्रवर्द्धनको लागि कर्पोरेट सामाजिक उत्तरदायित्व वहन सुनिश्चितता गर्न समन्वय बैठक गर्ने | च.न.पा. | निजी क्षेत्र, व्यवसाय, उद्योग कलकारखाना, नागरिक समाज, USAID स्वच्छ हावा | • बैठक माइन्युट तथा सम्पन्न प्रतिवेदन |

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| | कृषिमा विषादी प्रयोगको मात्रा कम गर्न जैविक विषादी प्रयोगका लागि आवश्यक तालिम सञ्चालन तथा अर्गानिक खेती तथा बजार प्रवर्द्धनका लागि अनुदान प्रदान गर्ने तथा समन्वय गर्ने | | ✓ | ✓ | • कृषिमा विषादीको प्रयोगको मात्रा कम गर्न जैविक विषादी प्रयोगसम्बन्धी कम्तीमा चारवटा तालिम सञ्चालन भएको<br>• अर्गानिक खेतीलाई प्रोत्साहन भएको<br>• बढीमा एक सय जनाले अनुदान प्राप्त गरेको<br>• समन्वय बैठक सञ्चालन भएको | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, कृषक समूह, कृषि व्यवसायी | • तालिम प्रतिवेदन<br>• अनुदान वितरणको अभिलेख<br>• समन्वय बैठकको माइन्युट |
| ९ | वायु गुणस्तर व्यवस्थापनमा निजी क्षेत्रहरूलाई संलग्न गराउन सक्षम वातावरण सिर्जना गर्ने । | | ✓ | ✓ | • वर्षमा कम्तीमा दुईवटा समन्वय बैठक गर्ने | च.न.पा. | व्यवसाय, उद्योग कलकारखाना, नागरिक समाज, निजी क्षेत्र | • बैठक माइन्युट |

## ४.४ उद्देश्य ४

वातावरणमैत्री तवरबाट फोहोरमैलाको व्यवस्थापन तथा खुल्लारूपमा फोहोर जलाउने कार्यमा नियन्त्रण गरी वातावरण प्रदूषण न्यूनीकरण गर्ने ।

### ४.४.१ वर्तमान अवस्था

चन्द्रागिरि नगरपालिकाको १५ वटा वडामा भइरहेको फोहोरमैला संकलन गर्ने संस्था/कम्पनीहरूसँगको सहकार्यमा फोहोरमैला व्यवस्थापनको काम गरिरहेको छ । फोहोरलाई मिश्रितरूपमा संकलन गर्ने गरेको छ । केही कम्पनीले फोहोर छुट्टाउनका लागि स्थानको व्यवस्था गरेको छ भने बाँकी सबै कम्पनीहरूले गाडीबाटै फोहोर छुट्टाएर सिसडोल पठाउने गरेका छन् । नगरपालिकाले स्वच्छ हावासँगको सहकार्यमा फोहोरमैला व्यवस्थापन सम्बन्धी गरेको अध्ययनबाट आएको नतिजा अनुसार नगरपालिकाको बाक्लो जनसंख्या भएको आवासीय क्षेत्रमा जैविक फोहोरको मात्रा ४४ प्रतिशत छ भने व्यापारिक तथा बजार गतिविधिहरूको बढी भएको क्षेत्रमा २७ प्रतिशत जैविक फोहोर रहेको छ । नगरपालिकास्तरमा ३६.५ टन फोहोर हरेक दिन उत्पादन हुने गरेको छ भने २७० ग्राम प्रतिव्यक्ति प्रतिदिन फोहोर उत्पादन गरेको छ । चन्द्रागिरि नगरपालिकाले वडा नं ३ को फोहोरमैला व्यवस्थापन गर्नका लागि फोहोरमैला व्यवस्थापन अनुसन्धान केन्द्र स्थापनाको लागि डीपीआर बनाएको छ र योजनामा बजेट विनियोजन पनि गरेको छ । नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि कम्पोस्टिङका तालिमहरू सञ्चालन गरेको छ । केही वडाबाट फोहोरलाई विभिन्न रंगको झोलामा वर्गीकरण गर्ने अभियानको थालनी गरेको छ । नगरपालिकामा फोहोर जलाउने प्रवृत्तिलाई हटाउन विभिन्न सूचना पनि प्रसारण गरेको छ । फोहोरमैला कम्तीमा दुई वटा (कुहिने र नकुहिने) गरी छुट्याउन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत महिनामा दुई दिन घरदैलो कार्यक्रम गरेको छ ।

### ४.४.२ समस्या तथा चुनौतीहरू

नगरपालिकाको सम्पूर्ण घरधुरी समेटिने गरी फोहोरमैला वर्गीकरण तथा संकलन हुन नसक्दा फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसकिएको अवस्था रहेको छ । फोहोर संकलन प्रभावकारी नहुँदा सार्वजनिक स्थानहरूमा फोहोर थुपार्ने र फोहोर जलाउने प्रवृत्तिमा कमी ल्याउन सकिएको छैन । खुलारूपमा फोहोर जलाउनाले वायुप्रदूषण दिनानुदिन बढी रहेको अवस्था छ । फोहोरमैला व्यवस्थापनका लागि समन्वय गरिएका निजी क्षेत्र, स्थानीय समुदाय तथा नगरपालिकाले संयुक्त रूपमा नियमित छलफल गरी यस कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

### ४.४.३ सम्भावना तथा अवसरहरू

नगरपालिकाका सम्पूर्ण घरधुरीमा फोहोरमैला संकलन तथा वर्गीकरणको दायरामा समेटेर फोहोरमैला व्यवस्थापन गर्नुपर्ने देखिन्छ । फोहोरमैला प्रशोधन केन्द्र छिट्टै तयार गरी सञ्चालन गर्न सकेमा

नगरपालिकाको फोहरमैला व्यवस्थापनमा नयाँ आयाम थपिने देखिन्छ । विभिन्न स्थानीय समूह तथा बालबालिकाहरूको समूह मार्फत खुला रूपमा फोहोर जलाउने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रभावकारी अभियान सञ्चालन गरी सामाजिक बानी व्यवहारमा परिवर्तन ल्याउन सकिने सम्भावना रहेको देखिन्छ ।

### ४.४.४ रणनीति

- नगरपालिकामा नमुनाको रूपमा फोहोर व्यवस्थापन अनुसन्धान केन्द्र स्थापना गरी फोहोर उत्पादनमा नै कमी ल्याउन एगदष्अि एचष्खबतभ एबचतलभचकजष्ठ मोडेलमा कार्य गर्ने ।
- स्रोतमा नै फोहोरमैला वर्गीकरण तथा प्रभावकारी संकलनका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, विद्यालय, स्थानीय संस्था तथा नागरिक समाजको अगुवाइ र संलग्नतालाई निरन्तरता दिने ।

## ४.४.५ कार्ययोजना

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १ | घर तथा व्यावसायिक संघसंस्थाबाट निस्कने फोहोरलाई स्रोतबाट नै कुहिने र नकुहिने गरी छुट्याउन तथा मल बनाउन वा अन्य तवरले पुनः प्रयोग गर्न प्रेरित गर्ने । | | ✓ | ✓ | • ८० प्रतिशत घरधुरीहरूले स्रोतमै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरेको<br>• फोहोर उठाउने कार्यमा नगरभित्रका ८० प्रतिशत घरधुरी सदस्य बनेको<br>• एक हजार घरधुरीले मल बनाई कौशीखेती गरेको<br>• फोहोर प्रशोधन केन्द्र स्थापना भएको | च.न.पा. | व्यवसायी, नागरिक समाज, सरोकारवाला संस्थाहरू, स्वच्छ हावा परियोजना | • अनुगमन प्रतिवेदन<br>• कार्यक्रम<br>• प्रतिवेदन<br>• बैठक निर्णयहरू<br>• फोहोर प्रशोधन केन्द्र डीपीआर |
| २ | समुदायमा आधारित फोहोरमैला व्यवस्थापन तालिम सञ्चालन गर्ने | | ✓ | ✓ | • १५ वटा तालिम सञ्चालन भएको | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, स्वच्छ हावा परियोजना | • तालिमको प्रतिवेदन |
| ३ | प्रभावकारी एकीकृत फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रलाई समेत प्रेरित गर्ने । | | ✓ | ✓ | • फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको संलग्नता सम्बन्धी कार्यविधि तयार भएको<br>• निजी क्षेत्रका व्यावसायिक योजना तयार भएको | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, स्वच्छ हावा परियोजना | • फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको संलग्नता सम्बन्धी कार्यविधि प्रति |
| ४ | सिसा, फलामजस्ता पुनः प्रायोगिक वस्तुलाई मोहोरमा परिणत गर्ने | | ✓ | ✓ | | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, स्वच्छ हावा परियोजना | • वडा निर्णय पुस्तिका |

| क्र.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ५ | फोहोर व्यवस्थापन कार्यका लागि दक्ष जनशक्ति उत्पादन, परिचालन र सो कार्यमार्फत रोजगारी सिर्जना गर्ने । | | ✓ | ✓ | • ६० जनालाई फोहोर व्यवस्थापन कार्यका लागि प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन भएको<br>• वार्षिक रूपमा ३० प्रतिशत घरधुरी प्रशिक्षित भएको | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, स्वच्छ हावा परियोजना | • प्रशिक्षक प्रशिक्षण तालिम प्रतिवेदन |
| ६ | फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन नगरपालिका आफैंले प्रणाली विकास गर्ने वा आवश्यकता अनुसार निजी क्षेत्रलाई संलग्न गराउने । | | ✓ | ✓ | • नगरपालिकामा नमुना फोहोर प्रशोधन केन्द्र स्थापना भएको | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, स्वच्छ हावा परियोजना | • नमुना फोहोर प्रशोधन केन्द्र सम्पन्न प्रतिवेदन |
| ७ | खुलारूपमा घर तथा कृषिजन्य फोहोर बाल्नाले हुने असरबारे जनचेतना जगाउने | | ✓ | ✓ | • प्रत्येक वडामा जनचेतनामूलक सडक नाटक, भित्तेलेखन तथा सामाजिक सञ्जाल मार्फत सूचना प्रवाह भएको | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, अन्य समूह, स्वच्छ हावा परियोजना | • प्रतिवेदन |
| ८ | प्लास्टिकजन्य फोहोर व्यवस्थापन गर्न यसको प्रयोगमा कमी तथा पुन: प्रयोगको ल्याउने नीति तर्जुमा तथा आवश्यक व्यवस्था । | | ✓ | ✓ | • ४० माइक्रोनभन्दा कमको प्लास्टिक प्रयोगमा निषेध भएको, कपडाको झोला वितरण भएको | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, अन्य समूह, स्वच्छ हावा परियोजना | • सार्वजनिक सूचना, वेभसाइट अध्यावधिक<br>• निर्णय माइन्युट, कपडाको झोला वितरणको प्रतिवेदन |

| क्र.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ९ | फोहोर नजलाउने अभियान सञ्चालन गर्ने (१५वटै वडामा ) | | ✓ | ✓ | • खुलारूपमा फोहोर बाल्ने मा ८० प्रतिशतले कमी आएको | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, अन्य समूह, स्वच्छ हावा परियोजना | • प्रतिवेदन |
| १० | फोहोर जलाउने र गैर कानुनी रूपमा फोहोर फाल्ने प्रवृत्ति निरुत्साहित गर्न रिपोर्टिङ, अनुगमन संयन्त्र निर्माण गर्ने । | | ✓ | ✓ | • अनुगमन संयन्त्र निर्माण भएको<br>• रिपोर्टिङको लागि एप्स बनेको हुने | च.न.पा. | निजी क्षेत्र, नागरिक समाज, अन्य समूह, स्वच्छ हावा परियोजना | • अनुगमन संयन्त्रको बैठक माइन्युट<br>• नगरपालिकाको वेभसाइट अध्यावधिक |
| ११ | दिसाजन्य लेदो व्यवस्थापन कार्यलाई संकलन गरी व्यवस्थित गरी प्रणाली स्थापना गर्ने । | | ✓ | ✓ | • सर्वेक्षण प्रतिवेदन तयार<br>• दिसाजन्य लेदो व्यवस्थापन कार्यविधि तयार | च.न.पा. | नागरिक समाज, सेवा प्रदायक संस्था, ग्क्ब्क्ष्म स्वच्छ हावा | • प्रतिवेदन प्रति<br>• कार्यविधि प्रति |
| १२ | खोला सरसफाइ निर्दे शिका तयार गर्ने | | ✓ | | • खोला सरसफाइ निर्देशिका तयार हुने<br>• खोला सरसफाइमा खोला किरानाका नागरिकहरूको संलग्नतामा वृद्धि गर्न अभियान सञ्चालन गर्ने १५ वटै वडामा | च.न.पा. | नागरिक समाज, सेवा प्रदायक संस्था, ग्क्ब्क्ष्म स्वच्छ हावा | • राजपत्र तयार हुने<br>• निर्णय माइन्युट<br>• प्रतिवेदन |

## ४.५ उद्देश्य ५

विद्यालय मार्फत वातावरण शिक्षा विस्तार गरी सामाजिक व्यवहारमा परिर्वतन ल्याई शैक्षिक क्षेत्रमा सुधार ल्याउने ।

### ४.५.१ वर्तमान अवस्था

यस नगरपालिकामा २३ सामुदायिक,. ८८ संस्थागत तथा तीन अनौपचारिक विद्यालयहरू रहेका छन् । विभिन्न पाठ्यक्रममा वातावरण शिक्षा समावेश भए पनि वातावरण सम्बन्धी प्रयोगात्मक शिक्षाले प्राथमिकता पाएको देखिँदैन । नौ वटा विद्यालयहरूमा इकोक्लब मार्फत वातावरण सम्बन्धी क्रियाकलापहरू भएको देखिन्छ । विद्यालयमा वातावरण सम्बन्धी केही क्रियाकलाप भए पनि विद्यालयलाई वातावरणमैत्री बनाउने अवधारणा, हरित विद्यालय सम्बन्धी अवधारणा तथा विद्यालय सुधार योजनामा वातावरणीय पक्षको मूल प्रभावीकरण आदिमा विद्यालय व्यवस्थापन समिति लगायत अभिभावकहरूलाई सचेतना तथा क्षमता अभिवृद्धि आवश्यक देखिन्छ ।

### ४.५.२ समस्या तथा चुनौतीहरू

विद्यालय क्षेत्रभित्र हुने फोहोरको व्यवस्थापन प्रभावकारी रूपमा हुन सकेको छैन । कुहिने र नकुहिने फोहोर छुटयाउने र विसर्जन गर्ने समस्या रहेको छ । बाटो नजिक भएका विद्यालयमा धुलो, धुवाँ र ध्वनि प्रदूषण हुने गरेको छ । अधिकांश विद्यालयहरूले हरियाली क्षेत्र निर्माण गर्न सकेको छैन । विद्यालयका बालबालिकामा बोटबिरुवा संरक्षण तथा वृक्षारोपणको महत्वप्रति सचेतनाको कमीका कारण र घेराबार नहुनाले पनि रोपिएका बिरुवाहरूको उचित संरक्षण हुन नसकेको देखिन्छ ।

### ४.५.३ सम्भावना तथा अवसरहरू

वातावरण तथा वायुप्रदूषण सम्बन्धी सैद्धान्तिक ज्ञानलाई व्यवहारमा ल्याउन सकिने र विद्यालयस्तर मा नै प्रभावकारी फोहोर वर्गीकरण र व्यवस्थापनमा गर्न सकिने देखिन्छ । हरित विद्यालय तथा समुदायको निर्माण गरी नमुना विद्यालयको रूपमा स्थापित गर्ने सम्भावना रहेको छ । विद्यालयस्तर मा सुरक्षित महिनावारी स्वच्छताका लागि पुनः प्रयोग गर्न मिल्ने कपडाको सेनिटरी प्याड वा मेन्सुरल कपको प्रयोग तथा प्रवर्द्धन गरी निःशुल्क रूपमा वितरण गर्न व्यवस्था गराउन सकिनेछ ।

### ४.५.४ रणनीति

- हरित विद्यालय अवधारणालाई सबै विद्यालयमा विस्तार गर्ने ।
- विद्यालय सुधार योजनामा वातावरण सुधारका योजना समावेश गराउने ।
- विद्यालयको वार्षिक कार्यतालिकामा नियमितरूपमा वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलाप समावेश गराउने ।
- विद्यालय मार्फत वायुप्रदूषण तथा जलवायु परिर्वतन सम्बन्धी शिक्षा प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रममा समावेश गर्ने ।

## ४.५.५ कार्ययोजना

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १. | विद्यालयस्तरमा स्वच्छ हावा कार्यक्रमको बारे मा बाल क्लब, शिक्षक, अभिभावकबीच अभिमुखीकरण | ✓ | ✓ | ✓ | • बालक्लब, शिक्षक, अभिभावकहरूलाई तालिम सञ्चालन | नगरपालिका शिक्षा शाखा | विद्यालय, USAID स्वच्छ हावा परियोजना | • तलिम प्रतिवेदन |
| २ | नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालय तथा कलेजहरूमा इको क्लब गठन, क्षमता वृद्धि तथा परिचालन कार्यक्रम । | ✓ | ✓ | ✓ | • सामुदायिक विद्यालय, संस्थागत विद्यालय तथा कलेजहरूमा इको क्लब गठन भएको<br>• इको क्लबका पदाधिकारी तथा फोकल शिक्षकलाई तालिम भएको<br>• इको क्लबका पदाधिकारीहरूले कार्ययोजना बनाइ कार्यक्रम सञ्चालन भएको | नगरपालिका शिक्षा शाखा | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • इको क्लब गठन माईन्युट<br>• तालिम प्रतिवेदन<br>• कार्ययोजनाको प्रति |
| ३ | इको क्लब मार्फत विद्यार्थीहरूलाई प्रशिक्षण गर्ने तथा विभिन्न गतिविधिमा संलग्न गराउने । | ✓ | ✓ | ✓ | • २३ सामुदायिक तथा संस्थागत विद्यालयहरूमा इको क्लब मार्फत विद्यार्थीहरूलाई प्रशिक्षण प्रदान गरिएको | नगरपालिका शिक्षा शाखा | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • प्रतिवेदन प्रति |

| क्र.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ४ | नगरपालिका अन्तर्गतको विद्यालयहरूको विद्यालय सुधार योजनामा वायुप्रदूषण न्यूनीकरणका गतिविधि राख्न समन्वय बैठक । | ✓ | ✓ | ✓ | • ३० विद्यालयहरूमा नमुनाको रूपमा विद्यालय सुधार योजना तयार भएको | नगरपालिका शिक्षा शाखा | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • विद्यालय सुधार योजना प्रति |
| ५ | हरित तथा सफा विद्यालय बनाउन शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम । | ✓ | ✓ | ✓ | • ५० विद्यालयहरूका शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई तालिम सञ्चालन भएको | नगर पालिकाको शिक्षा शाखा | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • तालिम प्रतिवेदन |
| ६ | विद्यालय मार्फत वायुप्रदूषण तथा जलवायु परिवर्तन शिक्षामा प्रोत्साहन गर्न स्थानीय पाठ्यक्रममा समावेश गर्ने । | ✓ | ✓ | ✓ | • वायुप्रदूषण सम्बन्धी पाठ्यपुस्तक निर्माण गरेको | नगरपालिका शिक्षा शाखा | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • पाठ्यपुस्तक प्रति |
| ७ | विज्ञान, वातावरण तथा स्वास्थ्य शिक्षकहरूलाई वातावरण प्रदूषण तथा जलवायु परिवर्तन शिक्षामा प्रशिक्षण प्रदान गर्ने । | ✓ | ✓ | ✓ | • ५० % विद्यालयमा प्रशिक्षण प्रदान भएको | नगरपालिका शिक्षा शाखा | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • तालिम प्रतिवेदन |

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ८ | विद्यालयस्तरमा विशेष अनुगमन गर्न बाल क्लब प्रतिनिधि सहितको अनुगमन संयन्त्र निर्माण । | ✓ | ✓ | ✓ | • अनुगमन संयन्त्र निर्माण भई वार्षिक चारवटा विद्यालयको अनुगमन भएको | नगरपालिका शिक्षा शाखा | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • अनुगमन संयन्त्र निर्माण बैठक माईन्युट<br>• अनुगमनको प्रतिवेदन |
| ९. | विद्यालय परिसरमा हरियाली वातावरण निर्माण गर्न वृक्षारोपण गर्ने | ✓ | ✓ | ✓ | • इको क्लबमार्फत हरियाली प्रवर्द्धन भएको कम्तीमा<br>• ५० % विद्यालय | | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • निर्णय तथा प्रतिवेदन |
| १०. | विद्यालयमा फोहोरमैला व्यवस्थापन गर्नका लागि फोहोर संकलन गर्न फोहोर वर्गीकरणको व्यवस्था मिलाउने, प्लास्टिकजन्य फोहोर को पुनः प्रयोग सम्बन्धी तालिमको आयोजना गर्ने | ✓ | ✓ | ✓ | • २३ वटा सामुदायिक तथा संस्थागत विद्यालयमा फोहोर वर्गीकरण तालिम सञ्चालन भएको | नगरपालिका शिक्षा शाखा | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • तालिम प्रतिवेदन |
| ११. | स्यानिटरी प्याडको व्यवस्थापन तथा विकल्पको रूपमा कपडाको प्याड र सेनिटरी कप सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | ✓ | ✓ | ✓ | • स्यानिटरी प्याडको प्रयोग तथा कपडाको प्याड र सेनिटरी कपको व्यवस्थापनमा सुधार भएको | नगरपालिका शिक्षा शाखा | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • अनुगमन प्रतिवेदन |

| क्र.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १२ | विद्यालय कम्पाउन्ड वरिपरि कम्तीमा १० वटा फलफूलका बिरुवा रोप्न अनुदान दिने | ✓ | ✓ | ✓ | • विद्यालयहरूमा कम्तीमा १० वटा फलफूलका बिरुवा रोपिएको हुने | | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजना | • अनुगमन प्रतिवेदन<br>• विरुवाको लागि अनुदान लिएको प्रतिवेदन |
| १३ | लैंङ्गिक, बालमैत्री र अपाङ्गमैत्री शौचालयको निर्माण गरी उचित व्यवस्थापन गर्ने | ✓ | ✓ | ✓ | | नगरपालिका | विद्यालय तथा कलेजहरू | • अनुगमनको प्रतिवेदन |

## ४.६ उद्देश्य ६

वातावरण प्रदूषणका अवस्था, कारण र असर न्यूनीकरण एवं रोकथामका उपायबारे स्वास्थ्य संस्था तथा सञ्चारकर्मी मार्फत बृहत्तर जनचेतना अभिवृद्धि गरी बानी व्यवहारमा परिवर्तन ल्याई स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने ।

### ४.६.१ वर्तमान अवस्था

नेपाल सरकारले तोकेको स्वास्थ्यसंस्थाजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड अनुसार हरेक स्वास्थ्य संस्थामा चारवटा बकेटमा अनिवार्य फोहोर छुट्टाएर राख्ने गरेको छ । निजी तथा सरकारी दुवै संस्थाबाट उत्पादन हुने फोहोरमैलालाई आफ्नै परिसरमा व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । घरघरबाट निस्कने फोहोरसँग उपत्यकाको ल्यान्डफिल्ड साइटमा पठाउन नपाउने व्यवस्था छ । झुक्याएर पठाएमा १/२ पटक जरिवाना समेत गरेको छ । नगरपालिकाको स्वास्थ्य संस्थाबाट निस्कने स्वास्थ्यजन्य फोहोर व्यवस्थापन नगरपालिकाभित्र बनेको छैन । स्थानीय स्वास्थ्य संस्था दर्ता तथा अनुगमन निर्देशिका अनुसार निजी तथा गैरसरकारी क्षेत्रका स्वास्थ्य संस्थाहरूको अनुमति तथा नवीकरण गर्दा फोहोर व्यवस्थापनलाई व्यवस्थित गर्नुपर्ने प्रमुख शर्त राखेर मात्र नवीकरण वा अनुमति प्रदान गर्नुपर्नेछ । नगरपालिकामा जटिल रोग (नसर्ने रोग)का बिरामी बढ्दै गएको अवस्था छ । नगर पालिकामा ६७ जिल्लाको गाडी प्रवेशविन्दु हुँदा कलंकी-नागढुङ्गा सडकमार्गमा गुड्ने गाडीहरूको वायु गुणस्तरको चेक जाँच गर्ने, स्वास्थ्यकर्मीलाई अभिमुखीकरण, महिला स्वास्थ्य स्वयंसेविका अभिमुखीकरण, महिलाहरूको पाठेघर तथा स्तन क्यान्सरको स्क्रिनिङ गर्ने कार्य गर्दा करिब नौ प्रतिशतमा जटिल रोगको संकेत देखिन आएको छ ।

### ४.६.२ समस्या तथा चुनौतीहरू

सबै स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य संस्थाजन्य फोहोरको वर्गीकरण र व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने, खोप तथा अन्य स्वास्थ्य सम्बन्धी अभियानमा स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन गर्ने सामग्री (अटोक्लेभ, सिरिन्ज काट्ने, सफा गर्ने मेसिन हरेकको छुट्टाछुट्टै सफा गर्ने र भण्डारण घर तथा निकासी) थप जनशक्ति व्यवस्थापन गर्नुपर्नेछ । नागरिकलाई स्वास्थ्य संस्थाजन्य फोहोरमैला तथा वायु गुणस्तर सम्बन्धमा जनचेतना गर्ने र रोग लाग्न नदिने तथा रोग लाग्नुपूर्व चेकजाँच गर्ने स्वास्थ्य बीमामा सहभागी बनाउने चुनौती छ । खोप अभियानको समयमा स्वास्थ्यजन्य फोहोरको व्यवस्थापनका लागि जनशक्ति, साधनस्रोत व्यवस्थापन गर्ने ।

### ४.६.३ सम्भावना तथा अवसरहरू

१४८ जना स्वास्थ्यकर्मी, १७ वटा स्वास्थ्य संस्था (११ स्वास्थ्यचौकी), १५ बेडको अस्पताल, एउटा आयुर्वेद अस्पताल, पाँच वटा सहरी स्वास्थ्य केन्द्र तथा एउटा सशस्त्र अस्पताल, चार वटा निजी अस्पताल, क्लिनिक, ल्याब, फिजियोथेरापी २० लगायत क्लिनिक/पोलिक्लिनिकले सेवा दिइरहेका छन् । सबै स्वास्थ्य संस्थाहरूलाई फोहोरमैला व्यवस्थापनमा प्रतिस्पर्धा गराउन सकिन्छ । कुनै एक स्वास्थ्य संस्थालाई नमुनाको रूपमा विस्तार गर्दै लैजान सकिने छ ।

### ४.६.४ रणनीति

- चन्द्रागिरि नगरपालिकाभित्रका सरकारी, गैरसरकारी तथा निजी कार्यालयहरू, स्वास्थ्य संस्था तथा शैक्षिक संस्थाहरूका फोहोरमैलाको अवस्थाको बारेमा मापन गरिने छ ।
- सम्पूर्ण स्वास्थ्यकर्मी, कर्मचारी र जनसमुदायलाई फोहोरमैलाको उचित व्यवस्थापन बारे जानकारी गराइनेछ ।
- फोहोरको वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोस्ट मल बनाउनका लागि सामग्रीहरू प्रयोगमा ल्याई नकुहिने र पुनः प्रयोग गर्न मिल्ने फोहोरलाई व्यवस्थापन गर्न नगरस्तरीय फोहोर संकलन केन्द्र स्थापना गरिनेछ ।
- फोहोर संकलन केन्द्रमा फोहोर लैजानको लागि यातायातको साधन तथा कर्मचारीहरू खटाइनेछ साथै उचित व्यवस्थापन भए/नभएको अनुगमन गरिनेछ ।
- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको औषधिजन्य फोहोर व्यवस्थापनको लागि प्राथमिक अस्पतालमा नमुनाको रूपमा फोहोर व्यवस्थापन अनुसन्धान केन्द्र निर्माण गरिनेछ ।

### ४.६.५ कार्ययोजना

| क.सं | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याँइका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १ | डाक्टर, स्वास्थ्यकर्मी, विद्यालय नर्स, सामुदायिक नर्स तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि स्वच्छ हावा कार्यक्रमको तालिम | ✓ | ✓ | ✓ | • एक सय जना स्वास्थ्यकर्मीले तालिम/प्रशिक्षण प्राप्त गरेको हुने | च.न.पा | USAID स्वच्छ हावा | • प्रशिक्षण प्रतिवेदन |
| २ | अस्पतालजन्य फोहोरको व्यवस्थापन तालिम | ✓ | ✓ | ✓ | • दुई सय जनालाई तालिम दिने | च.न.पा | USAID स्वच्छ हावा | |
| ३ | नमुनाको रूपमा नगर अस्पताल थानकोटमा औषधिजन्य फोहोर व्यवस्थापन गर्ने मेसिन जडान गने ( अटोक्लेभ, सेग्रिगेसन, मल आदि | ✓ | ✓ | ✓ | • प्रस्तावित अस्पतालमा मेसिन जडान भई औषधिजन्य फोहोरको मापदण्ड अनुरूप फोहोर व्यवस्थापन भएको हुने । | च.न.पा | USAID स्वच्छ हावा | |
| ४ | वायु प्रदूषणबाट उच्च प्रभावित क्षेत्रका अतिजोखिममा परेका महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह , गर्भवती सुत्केरीहरूको पहिचान गरी उनीहरूका लागि विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | • वायु प्रदूषणबाट उच्च प्रभावित क्षेत्रमा लक्षित वर्गका लागि मासिक एउटा विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन भएको हुने । | च.न.पा | USAID स्वच्छ हावा | • माइन्यूटको प्रति<br>• सहभागी संख्या<br>• कार्यक्रमको फोटो |
| ५ | वायुप्रदूषणबाट स्वास्थ्यमा पर्ने असरका बारेमा स्वास्थ्य व्यवसायी तथा संस्थाहरू मार्फत सर्वसाधारणमा चेतना अभिवृद्धि गर्ने । | ✓ | ✓ | ✓ | • स्वास्थ्य संस्थाहरूमा वायुप्रदूषण र तिनका असरबारे पोस्टरमार्फत सूचना प्रदान भएको हुने । | च.न.पा | स्वच्छ हावा | |

| क.सं | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याँइका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ६ | वायुप्रदूषण र वायुप्रदूषणबाट स्वास्थ्यमा पर्ने असरका बारेमा IEC (शैक्षिक सामग्री) (पोस्टर, पम्प्लेट, भिडियो, अडियो) उत्पादन, प्रसारण र वितरण । | ✓ | ✓ | ✓ | • शैक्षिक सामग्री तयार भई विद्यालय, स्वास्थ्य संस्था तथा सञ्चार माध्यमहरूबाट प्रचार प्रसार भएको हुनेछ । | च.न.पा | स्वच्छ हावा | • तयार भएका शैक्षिक सामग्रीहरूको संख्या वितरण तथा प्रसारण योजना<br>• निर्णय माइन्यूट प्रति |
| ७ | वायुप्रदूषण तथा जलवायु परिवर्तनका कारण स्वास्थ्यमा पर्ने असर र अवस्थाका बारेमा अध्ययन तथा विश्लेषण गरी सूचना अध्यावधिक तथा सम्प्रेषण गर्ने । | ✓ | ✓ | ✓ | • कम्तीमा एक विषयमा अध्ययन भई सूचना अध्यावधिक भएको | च.न.पा | स्वच्छ हावा | • अध्ययन प्रतिवेदन |
| ८ | महिला स्वास्थ्य स्वयंसेविका मार्फत वायुप्रदूषणबाट स्वास्थ्यमा पुऱ्याउने असरका बारेमा समुदाय तहसम्म चेतना अभिवृद्धि गरी सामाजिक बानी-व्यवहारमा परि वर्तन ल्याउने । | ✓ | ✓ | ✓ | • सार्वजनिक स्थानमा खुलारूपमा फोहोर जलाउने कार्यमा कमी आएको | च.न.पा | स्वच्छ हावा | • नागरिक सञ्जाल, महिला स्वयमसेविका अनुगमन प्रतिवेदन |
| ९. | स्वास्थ्य व्यवस्थापन समितिलाई अभिमुखीकरण गराउने | ✓ | ✓ | ✓ | • स्वास्थ्य व्यवस्थापन समितिलाई वायु गुणस्तर र यसको असरहरूबारे अभिमुखीकरण गरिएको | च.न.पा | स्वच्छ हावा | |
| १०. | वडास्तरीय जनप्रतिनिधिस्तरमा तालिम | ✓ | ✓ | ✓ | • वडास्तरीय जनप्रतिनिधिहरूलाई वायु गुणस्तर र यसको असरहरूबारे तालिम गरिएको | | | |

## ४.७ उद्देश्य ७

वन उपभोक्ता समितिको वातावरणीय क्षमता सुदृढीकरण मार्फत वन डढेलो नियन्त्रण गरी हरियाली प्रवर्द्धन गर्ने ।

### ४.७.१ वर्तमान अवस्था

चन्द्रागिरि नगरपालिकामा २३ वटा वन उपभोक्ता समूह सक्रिय छन् । नगरपालिका क्षेत्रमा ४३ प्रतिशत भूभाग वनले ओगटेको छ । वन संरक्षण भए पनि उचित व्यवस्थापन नभएकाले वनमा झाडी, पतकर तथा खेर जाने सामग्री थुप्रिँदै गएको छ । यसले वन डढेलोको प्रकोप निम्त्याउने गरेको छ । प्रत्येक वर्ष सयौं हेक्टर वनमा आगलागी भई सामाजिक, आर्थिक र वातावरणीय विनाश निम्त्याएको छ । वन डढेलो नियन्त्रणका लागि आवश्यक ज्ञान र सिप एवं औजारहरूको अभाव छ । साथै, वन डढेलो नियन्त्रणका लागि आवश्यक संस्थागत विकास पनि भएको छैन । वन उपभोक्ता समूहको एकल प्रयासबाट मात्र यो सम्भव देखिँदैन ।

### ४.७.२ समस्या तथा चुनौतीहरू

चन्द्रागिरि नगरपालिकाका अधिकांश वन क्षेत्रहरू वन डढेलोको जोखिममा रहेको छ । वन क्षेत्रसँग जोडिएका आवादीबाट वनमा डढेलो लाग्ने गरेको पाइन्छ भने वन क्षेत्रमा पिकनिक जाने समूहले आगो ननिभाइकन छोड्ने गर्नाले पनि वन डढेलो लाग्ने गरेको देखिन्छ । अर्कोतर्फ चुरोट खाने र जथाभावी छोड्ने वा फ्याँक्ने प्रचलनका कारण वनमा डढेलो लाग्ने गरेको पाइयो । अर्कोतर्फ वन डढेलो नियन्त्रणमा वन समूहको क्रियाशीलता घट्दै गएको र नगर प्रहरी तथा अन्य सरोकारवालाको मुख ताक्ने प्रचलन बढ्नुको कारण सामुदायिक वन क्षेत्रमा आगलागी बढ्दै गएको देखिन्छ । वन डढेलो वायुप्रदूषणको एक स्रोत हो । वन डढेलोले काठमाडौं उपत्यकामा वर्षेनि प्रदूषण बढाइरहेको छ । फागुनदेखि जेष्ठ महिनासम्म वन डढेलोको नकारात्मक प्रभाव पर्ने गरेको छ ।

### ४.७.३ सम्भावना तथा अवसरहरू

यस नगरपालिकाका वन उपभोक्ता समिति सक्रिय भएको कारण यस समूह, नगर प्रहरी तथा अन्य सरोकारवाला पक्षलाई यससम्बन्धी ज्ञान र सिपसहित क्षमता अभिवृद्धि गरेमा वन डढेलो नियन्त्रण गरी वायुप्रदूषण व्यवस्थापनमा समेत टेवा पुऱ्याउन सकिने देखिन्छ । यस कार्यका लागि सम्बन्धित सरोकारवाला पक्षसँगको सहकार्य आवश्यक देखिन्छ ।

### ४.७.४ रणनीति

- वन डढेलोबारे व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- वनमा रहेको पात पतिङ्गर झाडी सरसफाइ गर्ने, अग्निरेखा निर्माण र व्यवस्थापन गर्ने ।
- वन डढेलो नियन्त्रणका लागि व्यावहारिक तालिम दिई जनशक्ति तयार पार्ने ।
- वनमा खेर गएका वस्तुहरू मार्फत आयआर्जन वृद्धि गर्ने ।
- फलफूल तथा जडिबुटीजन्य बिरुवाहरू रोपण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्ने ।
- नगरपालिका क्षेत्रभित्र रहेका क्रियाशील वन उपभोक्ता समितिहरूसँगको सहकार्यमा वन क्षेत्र प्रवर्द्धनका कार्य गर्ने ।

## ४.७.५ कार्ययोजना

| क.स | कार्यक्रम | समय विधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याँइका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १ | वन उपभोक्ता समितिलाई वन संरक्षण र आगलागी नियन्त्रणका लागि क्षमता अभिवृद्धि गर्ने | ✓ | ✓ | ✓ | • २३ वटै वन उपभोक्ता समितिले तालिम पाएको | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • तालिम प्रतिवेदन |
| २ | वन डढेलो र वायुप्रदूषणको सम्बन्ध, असर र समाधानका उपायहरूका बारे जनचेतना अभिवृद्धि गर्ने | ✓ | ✓ | ✓ | • वन उपभोक्ता समिति तथा समुदायले वन डढेलो र वायुप्रदूषणका सम्बन्धमा सचेत भई वन डढेलो नियन्त्रण भएको | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • तालिम प्रतिवेदन<br>• डढेलो घटनाको अभिलेख<br>• बैठक तथा छलफलको अभिलेख<br>• प्रचारप्रसार सामग्री प्रयोगको अभिलेख |
| ३ | वन उपभोक्ता समूहको बैठक, साधारणसभा आयोजना गर्ने । कार्ययोजना अद्यावधिक गर्ने | ✓ | ✓ | ✓ | • वन उपभोक्ता समूहको बैठक बसेको,<br>• साधारणसभा आयोजना गरेको | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • कार्ययोजना प्रति |
| ४ | सामुदायिक वन क्षेत्रमा रहेका अग्निरेखा निर्माण तथा सरसफाइ गर्ने । | ✓ | ✓ | ✓ | | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • नगरमा अभिलेख |
| ५ | सिन्के धुपको विकल्पहरू प्रयोग गर्ने (कपुर, तितेपाती, तथा अन्य फूलहरूको धुप बनाउने) | ✓ | ✓ | ✓ | • तालिम सञ्चालन हुने | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • तालिम प्रतिवेदन |

| क.स | कार्यक्रम | समय त्वधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याँइका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ६ | 'हरियो वन नेपालको धन'भन्ने भनाइलाई सम्मान गर्दै चन्द्रागिरि नगरपालिकाका प्रत्येक वडामा ग्रिनपार्क र दिगो व्यवस्थापन निर्माण गर्ने । | ✓ | ✓ | ✓ | • कम्तीमा एक वडा एक पार्क हुने | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • पार्कहरूको अभिलेख तयार हुने |
| ७ | वन डढेलो नियन्त्रण गर्न वनजंगलका पातपतिङ्गर हरूको वातावरणमैत्री व्यवस्थापन गर्ने । | ✓ | ✓ | ✓ | • तालिम सञ्चालन हुने | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • सामग्रीहरूको उत्पादन |
| ८ | वन क्षेत्रमा रहेको पातपतिङ्गर, झाडी लगायत वस्तुमार्फत बायोचार निर्माण गरी बिक्री | ✓ | ✓ | ✓ | • बायोचार निर्माण गरी बिक्री भएको | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • वायोचार निर्माण |
| ९ | अम्रिसोलगायतका वन व्यवस्थापन कार्ययोजना, वायुप्रदूषण न्यूनीकरण समावेश गराउने, जडीबुटीजन्य बिरुवा प्रवर्द्धन गर्ने, वृक्षारोपण गर्ने | ✓ | ✓ | ✓ | • व्यवस्थितरूपमा अभिलेख तयार हुने | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • अभिलेख |
| १० | वनजंगलमा मौसमी फलफूल लगाई आयआर्जनमा वृद्धि गर्ने । | ✓ | ✓ | ✓ | • व्यवस्थितरूपमा अभिलेख तयार हुने | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • अभिलेख |
| ११ | वन उपभोक्ता समितिहरूको कार्ययोजना अध्यावधिक गर्नका लागि प्रविधिक सहयोग | ✓ | | | • वन उपभोक्ता समितिहरूको कार्ययोजना अध्यावधि भएको | नगरपालिका, वन उपभोक्ता समिति | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष, ण्क्ष्क्ष्म स्वच्छ हावा परियोजना | • कार्ययोजना तयार |

## ४.८ उद्देश्य ८

वायुप्रदूषण न्यूनीकरणका लागि नीतिगत, कानुनी तथा तथा संस्थागत संरचनाको सुदृढीकरण गर्दै आर्थिक स्रोतको सुनिश्चितता गर्ने ।

### ४.८.१ वर्तमान अवस्था

नगरपालिकाले वायुप्रदूषण रोकथामका लागि पालिकाको वातावरण तथा विपद् व्यवस्थापन शाखालाई जिम्मेवारी तोकेको छ। चन्द्रागिरि नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७, चन्द्रागिरि नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोष २०८०, फोहोरमैला व्यवस्थापन ऐन २०७५, वातावरणमैत्री इँटा उद्योग सञ्चालन कार्यविधि २०७९, वातावरणीय प्रभाव मूल्याङ्कन २०७७, फोहरमैला व्यवस्थापनमा स्वयंसेवक परिचालन मापदण्ड २०८०, सरसफाइकर्मी परिचालन मापदण्ड २०८० बनेको छ। यी ऐन तथा कानुनमा रहेर नगरपालिकाबाट वायुप्रदूषण रोकथामका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिँदै आइएको छ ।

### ४.८.२ समस्या तथा चुनौतीहरू

वायुप्रदूषण नगरपालिकाको प्रमुख समस्याको रूपमा रहेको सन्दर्भमा यसको न्यूनीकरणको लागि विद्यमान कानुनी प्रावधानको कार्यान्वयनमा प्रभावकारी गर्नुपर्ने देखिन्छ। हाल विद्यमान नीतिगत व्यवस्थाको पूर्ण पालना तथा समयानुकूल उपयुक्त वातावरणमैत्री कानुन निर्माण आवश्यक देखिन्छ। नगरपालिकामा वायु गुणस्तरको सम्बन्धमा सूचनालाई बोर्ड तथा मेसिन राख्ने, फोहोरमैला व्यवस्थापन नियमावली, वायु गुणस्तर मापदण्ड, दिसाजन्य लेदोको व्यवस्थापन र ट्रिटमेन्ट प्लान्ट तथा DPR बनाउने, स्वास्थ्यसंस्थाजन्य फोहोर व्यवस्थापन मापदण्ड तयार गर्ने, खोला सरसफाइको कार्ययोजना तयार गर्ने, फोहरमैला, स्वास्थ्यसंस्थाजन्य फोहोरमैला व्यवस्थापन गर्न दुई सवारीसाधन र जनशक्ति, सवारी प्रदूषण जाँच मेसिन र जनशक्ति तयार गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ४.८.३ सम्भावना तथा अवसरहरू

वायुप्रदूषण व्यवस्थापन नगरपालिकाको प्राथमिकतामा परेको छ। साथै, वायुप्रदूषण न्यूनीकरण कार्यक्रममा हाल USAID स्वच्छ हावा परियोजनाको पनि सहकार्य रहेको छ। यस सन्दर्भमा वायुप्रदूषण न्यूनीकरणका लागि नीतिगत, कानुनी तथा संस्थागत संयन्त्रको सुदृढीकरण गर्दै आर्थिक स्रोतको सुनिश्चितता गर्न सकिने प्रवल सम्भावना रहेको देखिन्छ। साथै, नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापनका छुट्टै शाखा र दुई जना जनशक्ति रहेको छ। वायु गुणस्तर सम्बन्धमा सचेतना कर्मचारी तथा जनप्रतिनिधिमा बढ्दै गएको छ। टोल विकास संस्थाहरूलाई तालिम र अभिमुखीकरण गरी दिगो कार्यान्वयन गर्न सकिने छ ।

### ४.८.४ रणनीति

- वातावरण तथा वायुप्रदूषणलाई वातावरणीय तथा मानव अधिकारको मुद्दाको रूपमा लिई वातावरण प्रदूषकले क्षतिपूर्ति व्यहोर्ने सिद्धान्तको आधारमा पीडित, सीमान्तकृत, महिला, बालबालिका तथा जेष्ठ नागरिकलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम निर्माण गर्ने ।
- नीति तथा कार्यक्रम निर्माण गर्दा सहभागितात्मक पद्धतिको अवलम्बन गरी सम्बन्धित सरोकार पक्षको प्राथमिकता तथा सवाल सम्बोधन सुनिश्चित गर्ने ।
- वातावरणमैत्री, बालमैत्री, जेष्ठ नागरिकमैत्री, महिलामैत्री, लैङ्गिक तथा यौनिक एवं अपाङ्गतामैत्री नगरपालिका घोषणा गर्ने ।

## ४.८.५ कार्ययोजना

| क्र.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १ | वडामा रहेका टोल विकास सबै संघ-संस्थाहरूको गठन र पुनः गठन गराउने (१५ वटै वडामा भेला गरी टोल विकासको संयन्त्र निर्माण गर्ने) | ✓ | ✓ | ✓ | • टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि तयार भई कार्यान्वयनमा आएको<br>• सबै वडाहरूमा टोल विकास संस्था वा समुदायमा आधारित संस्थाहरू क्रियाशील भएको | नगरपालिका | USAID स्वच्छ हावा | • कार्यविधिको प्रति तथा निर्णय पुस्तिका<br>• टोल विकास संस्था वा समुदायमा आधारित संस्थाहरूको वडागत सूची तथा विवरण<br>• संस्थाहरूको निर्णय पुस्तिका |
| २ | वडास्तरीय वातावरण समितिलाई सक्रिय बनाउन आवश्यक तालिम प्रदान गर्ने । | ✓ | ✓ | ✓ | • वार्षिक कम्तीका दुईवटा प्रशिक्षण सञ्चालन भएको | नगरपालिका | USAID स्वच्छ हावा | • प्रशिक्षण प्रतिवेदन |
| ३ | नगरपालिकाका तथा वडाका जनप्रतिनिधि तथा कर्मचार िहरूको लागि क्षमता विकास कार्यक्रम | ✓ | ✓ | ✓ | • वार्षिक कम्तीका दुईवटा प्रशिक्षण सञ्चालन भएको | नगरपालिका | USAID स्वच्छ हावा | • प्रशिक्षण प्रतिवेदन |
| ४ | नगरस्तरीय वातावरणमैत्री नागरिक समाजको क्षमता वृद्धि गर्ने | ✓ | ✓ | ✓ | • वार्षिक कम्तीमा दुईवटा प्रशिक्षण सञ्चालन भएको | नगरपालिका | USAID स्वच्छ हावा | • प्रशिक्षण प्रतिवेदन |

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| ५ | स्वास्थ्य संस्थाबाट उत्पन्न हुने औषधिजन्य फोहोर व्यवस्थापनका तथा अनुगमनका लागि स्वास्थ्य सञ्जाल गठन तथा परिचालन | ✓ | ✓ | ✓ | • अनुगमन चेकलिस्ट तयार भएको<br>• वार्षिक कम्तीमा चार वटा अनुगमन सञ्चालन भई कार्यमा सुधार आएको | नगरपालिका | USAID स्वच्छ हावा | • अनुगमन प्रतिवेदन |
| ६ | नगरस्तरीय वातावरण र फोहोरमैला व्यवस्थापन समिति र विषयगत समितिबाट प्रत्येक तीन महिनामा अनुगमन गर्ने | ✓ | ✓ | ✓ | • अनुगमन चेकलिस्ट तयार भएको<br>• वार्षिक कम्तीमा चार वटा अनुगमन सञ्चालन भएको | नगरपालिका | USAID स्वच्छ हावा | • अनुगमन प्रतिवेदन |
| ७ | प्रत्येक वडाबाट प्रत्येक चौमासिक रूपमा नगरपलिकामा वातावरण क्षेत्रका प्रगति पेस गने व्यवस्था गर्ने | ✓ | ✓ | ✓ | • नियमितरूपमा वडागत प्रगति विवरण पेस भएको | नगरपालिका | USAID स्वच्छ हावा | • वडागत प्रतिवेदन |
| ८ | वार्षिकरूपमा वातावरण क्षेत्रको राम्रो मूल्याङ्कन भएको पाँच क्षेत्रका एक/एक जना गरी व्यक्ति तथा संस्थालाई पुरस्कृत गर्ने | ✓ | ✓ | ✓ | • मूल्याङ्कन कार्यविधि तथा सूचक तयार भई वार्षिकरूपमा व्यक्ति तथा संस्था पुरस्कृत भएको | नगरपालिका | USAID स्वच्छ हावा | • मूल्याङ्कन कार्यविधि तथा सूचकको प्रति तथा निर्णय पुस्तिका |
| ९ | वार्षिक बजेटको कम्तीमा तीन प्रतिशत बजेट वातावरण संरक्षणमा छुट्याउने व्यवस्था गर्ने । | ✓ | ✓ | ✓ | • वार्षिक बजेटको कम्तीमा तीन प्रतिशत बजेट वातावरण संरक्षणमा विनियोजित भएको | नगरपालिका | USAID स्वच्छ हावा | • वार्षिक बजेट पुस्तिका |

| क.स | कार्यक्रम | समयावधि (आ.व.) | | | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजीकरण सहयोग | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | | | | |
| १० | भवन निर्माण आचारसंहिता पालनाको कडाइको व्यवस्था | ✓ | ✓ | ✓ | • भवन निर्माण आचारसंहिता पालना भएको | नगरपालिका | USAID स्वच्छ हावा | • आचार संहिता |
| ११ | वायु प्रदूषण नियन्त्रणका लागि आवश्यक नीति तथा कार्यविधि निर्माण गर्ने | ✓ | ✓ | ✓ | • वायु प्रदूषण नियन्त्रणका लागि आवश्यक नीति तथा कार्यविधि निर्माण भई कार्यान्वयन भएको | नगरपालिका | USAID स्वच्छ हावा | • नीति तथा कार्यविधि निर्माण |
| १२ | फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षण सम्बन्धी आवश्यक नीति तथा कार्यविधि निर्माण तथा कार्यान्वयन | ✓ | ✓ | ✓ | • फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षण सम्बन्धी आवश्यक नीति तथा कार्यविधि निर्माण तथा कार्यान्वयन भएको | नगरपालिका | USAID स्वच्छ हावा | • नीति तथा कार्यविधि निर्माण |
| १४ | स्वच्छ हावाको लागि अस्पताल लगायत स्वास्थ्य संस्थाबाट निस्कने फोहोरको डिस्पोजल गर्ने सम्बन्धी कार्यविधि निर्माण | ✓ | ✓ | ✓ | • अस्पताल लगायत स्वास्थ्य संस्थाबाट निस्कने फोहोरको डिस्पोजल गर्ने सम्बन्धी कार्यविधि निर्माण भएको | नगरपालिका | USAID स्वच्छ हावा | • कार्यविधि निर्माण |
| १५ | जनताले गुनासो गर्ने र सो गुनासोलाई सम्बोधन गने प्रणालीको विकास तथा स्थापना गर्ने । | ✓ | ✓ | ✓ | • गुनासो इकाइमा गुनासो गर्ने | नगरपालिका | | • गुनासो शाखाको वार्षिक प्रतिवेदन |
| १६ | वातावरणीय र वायुप्रदूषणसँग सम्बन्धित विपद् जोखिम क्षेत्र नक्साङ्कन तथा पहिचान गरी सो हीअनुरूप प्राथमिकता अनुरूप कार्यान्वयन गर्न कार्यविधि तयार गर्ने | ✓ | ✓ | ✓ | • जोखिम क्षेत्रको पहिचान हुने | नगरपालिका | USAID स्वच्छ हावा | • प्रतिवेदन |

# ५. वित्तीय व्यवस्थापन

यो कार्ययोजना लागू गर्न आवश्यक वित्तीय व्यवस्थापन नगरपालिकाले गर्नेछ । पहिलो वर्षबाट कार्यक्रमहरू लागू गर्दै दोस्रो र तेस्रो वर्षहरूमा योजना पूर्णरूपमा लागू गरिनेछ । नगरपालिकाको कुल वार्षिक बजेटको कम्तीमा तीन प्रतिशत बजेट वातावरण संरक्षणमा छुट्याउने व्यवस्था गरिनेछ । यस कार्ययोजनाका कार्यक्रमहरू लागू गर्न नगरपालिकाले संघीय सरकार, प्रदेश सरकार लगायत विभिन्न संघसंस्था, निजी क्षेत्रसँग सहकार्यका लागि पहल गरिनेछ । यो योजना लागू गर्न USAID स्वच्छ हावा कार्यक्रमबाट पनि आवश्यक आर्थिक तथा प्राविधिक सहयोगको लागि अनुरोध गर्न सक्नेछ ।

# ६. योजना कार्यान्वयन प्रक्रिया

नगरपालिकाको वायु गुणस्तर व्यवस्थापन योजनालाई नगर कार्यपालिकामा अनुमोदनका लागि पेस गरिनेछ । नगर कार्यपालिकाबाट अनुमोदन भएपश्चात एक औपचारिक कार्यक्रम गरी वायु गुणस्तर व्यवस्थापन योजना सार्वजनिक गरिनेछ । वायु गुणस्तर व्यवस्थापन योजनाको कार्यान्वयन पक्षलाई थप प्रभावकारी तथा लक्ष्य केन्द्रित बनाउन अर्धवार्षिक तथा वार्षिक समीक्षा गोष्ठीको आयोजना गरिनेछ । नगरपालिकाको योजनामा प्रक्षेपण गरिएको अनुमानित बजेट र हाल उपलब्ध तथा उपलब्ध हुन सक्ने बजेटबीचको असन्तुलनलाई हटाउन संघीय सरकारसँग थप बजेट तथा कार्यक्रम माग गरिनेछ । यसका साथै दातृ निकायहरूसँग आर्थिक तथा प्राविधिक पक्षका सम्बन्धमा आवश्यक समन्वय एवं सहकार्य गरिनेछ ।.

वातावरणमैत्री सुशाासन र वायु गुणस्तर कार्ययोजना नगरपालिकाबाट औपचारिकरूपमा पारित भएपछि यस योजनाले निर्धारण गरेको उद्देश्य हासिल गर्ने दायित्व स्वतः स्थानीय तहको हुनेछ । वैधानिकरूपमा यस योजनाको कार्यान्वयनको जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ । नगरपालिकास्तरमा आवश्यक समन्वय गर्ने, स्रोत पहिचान, परिचालन एवं अनुगमनको मुख्य जिम्मेवारी नगर कार्यपालिकाको भए पनि यसको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र समन्वय सहकार्यको भूमिका सम्बन्धित शाखाले निर्वाह गर्नेछ । यो योजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक पक्ष तथा मानवीय संशाधनको व्यवस्थापन गर्ने हेतु वडा र नगरपालिकाले नियमितरूपमा वार्षिक बजेटमा यससम्बन्धी कार्यक्रमहरू समावेश गर्दै लगिनेछ ।

वातावरणमैत्री सुशाासन र वायु गुणस्तर व्यवस्थापन योजनाले निर्धारण गरेअनुसारका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि देहायबमोजिमको कार्यनीतिहरू अवलम्बन गरिनेछन् ।

- सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयनमा स्थानीय निकायको नेतृत्व रहने,
- सरसफाइको क्षेत्रमा कार्य गर्ने निकायहरूबीच समन्वय, संयुक्त कार्ययोजना र सहकार्य गर्ने,
- सहयोगी संस्थाहरूले स्थानीय निकायसँग आवश्यक समन्वय गरेर वा समझदारीपत्रमा हस्ताक्षर गरेर मात्र कार्यक्रम सञ्चालन गर्ने,

- आर्थिक स्रोत पहिचान र परिचालन गर्ने,
- मानवीय संसाधनको पहिचान र परिचालन गर्ने,
- स्थानीय स्रोतसाधनको पहिचान र परिचालन गर्ने,
- सूचना, शिक्षा तथा सञ्चार सामग्रीको व्यापक प्रयोग गरी व्यवहार परिवर्तन सम्बन्धी सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गरी वायु गुणस्तर व्यवस्थापनमा आम जनसमुदाय परिचालनको वातावरण सिर्जना गर्ने,
- विद्यालयहरूमा ईको (Eco Club) गठन र परिचालन गर्ने,
- तरल तथा ठोस फोहोर व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माण आदिमा सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणा अपनाउने,
- अनुगमन तथा प्रमाणीकरण संयन्त्र गठन र परिचालन गर्ने,
- परामर्श, प्रोत्साहन, पुरस्कार तथा दण्ड जरिवानाजस्ता प्रावधानको व्यवस्था गर्ने,
- असहाय तथा अति विपन्न परिवार, अपांगता भएका मानिसहरूको स्वास्थ्य तथा सरसफाइ सुविधामा पहुँचका लागि विशेष पहलकदमी चाल्ने,
- नियमित बैठक तथा समीक्षा गोष्ठीहरू आयोजना गरी रणनीतिक योजना कार्यान्वयनका सम्बन्धमा आवश्यक पृष्ठपोषण प्राप्त गरी उपलब्धिको प्रभावकारितालाई बढाउने ।

# ७. योजना अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया

यस कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियाको सम्पूर्ण सहजीकरणको जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ । नगर कार्यपालिकाको कार्यालयले यस कार्ययोजनाको सोचतालिका तथा कार्यान्वयन योजनामा आधारित भई वार्षिक अनुगमन कार्यान्वयन योजना तर्जुमा गरी सोको कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्नेछ । योजना अनुगमनमा संलग्न हुने संयन्त्रहरू देहायबमोजिम हुनेछन् ।

- नगरकार्यपालिका तथा विषयगत समिति
- नगर तथा वडास्तरीय अनुगमन समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- नागरिक समाज सञ्जाल
- सञ्चारकर्मी
- नियमित अनुगमन, नियमित निरीक्षण गर्नुका साथै आवश्यकता अनुसार विभिन्न सरकारी, गैरसरकारी संस्थासँग समन्वय गर्ने

यस कार्ययोजनाको अनुगमनका साधन तथा विधि देहाय अनुसार हुनेछ ।

- स्थलगत अनुगमन
- वार्षिक कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना
- नागरिक समाज र सञ्चारकर्मीहरूद्वारा संयुक्त अनुगमन

- कार्यान्वयन योजनामा आधारित क्रियाकलाप अनुगमन र सोच तालिकामा आधारित प्रतिफल अनुगमन
- सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्याङ्कन)

# ८ योजना परिमार्जन

यो वातावरणमैत्री सुशासन तथा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना वार्षिक वा आवश्यकता अनुसार जुनसुकै बेला अध्यावधिक वा परिमार्जन गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

# ९. योजना अनुमोदन र लागू हुने अवधि

वातावरणमैत्री सुशासन तथा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना नगरस्तरीय सरोकारवालाहरूको भेलाबाट छलफल गरी आवश्यक सल्लाह सुझाव वा पृष्ठपोषण सहित नगर कार्यपालिकाले अनुमोदन गरेको मिति देखि आ.व. २०८३/२०८४ सम्म लागू हुनेछ ।

# १०. अनुसूचीहरू

## १०.१ निर्देशक समिति


घनश्याम गिरी - नगर प्रमुख
बसन्ती श्रेष्ठ - नगर उपप्रमुख
हेमराज अर्याल - प्रमुख प्रशासकीय अधिकृत

## १०.२ कार्यदल र प्राविधिक सहयोग गर्ने पदाधिकारीहरूको विवरण

| क्र.सं | नम थर | पद | आबद्धता | सर्म्पक नं. |
|---|---|---|---|---|
| १ | सञ्जय सिग्देल | संयोजक | चन्द्रागिरि नगरपालिका | ९८४१६३५८८८ |
| २ | अञ्जित सापकोटा | वा. व्य. स.सदस्य | चन्द्रागिरि नगरपालिका | ९८५११५६६५६ |
| ३ | समिन के.सी. | वा. व्य. स.सदस्य | चन्द्रागिरि नगरपालिका | ९८४३४३४७६८ |
| ४ | लक्ष्मी थापा सुवेदी | वा. व्य. स.सदस्य | चन्द्रागिरि नगरपालिका | ९८४१४६२७४८ |
| ५ | राज कुमार गोपाली | वा. व्य. स.सदस्य | चन्द्रागिरि नगरपालिका | ९८४१६१९५३८ |
| ६ | राम शरण महत | वा. व्य. स.सदस्य | चन्द्रागिरि नगरपालिका | ९८४१६७९६४० |
| ७ | पूर्णकुमारी बयलकोटी | वा. व्य. स.सदस्य | चन्द्रागिरि नगरपालिका | |
| ८ | श्रुति माली | वा. व्य. स.सदस्य | चन्द्रागिरि नगरपालिका | ९८४१९१७२१८ |
| ९ | गमला मिजार | वा. व्य. स.सदस्य | चन्द्रागिरि नगरपालिका | ९८१८२०९०३० |
| १० | नारायण भुजेल | वा. व्य. स.सदस्य | चन्द्रागिरि नगरपालिका | ९८४१८३७७६३ |

| क्र.सं | नम थर | पद | आबद्धता | सर्म्पक नं. |
|---|---|---|---|---|
| ११ | भद्रा अर्याल | वरिष्ठ शाखा अधिकृत | वातावरण र विपद व्यवस्थापन शाखा चन्द्रागिरि नगरपालिका | ९८६०५५५०३९ |
| १२ | अच्युत अधिकारी | वडा अध्यक्ष | चन्द्रागिरि नगरपालिका, वडा नं ९ | ९८५१०७९५७८ |
| १३ | भाइराम तामाङ्ग | वडा अध्यक्ष | चन्द्रागिरि नगरपालिका वडा नं २ | |
| १४ | शम्भुकुमार महतो | वरिष्ठ जनस्वास्थ्य अधिकृत | स्वास्थ्य शाखा, चन्द्रागिरि नगरपालिका | ९८५१०४०३४५ |
| १५ | बुद्धिप्रसाद भट्ट | वरिष्ठ विद्यालय निरीक्षक | शिक्षा युवा तथा खेलकुद शाखा, चन्द्रागिरि नगरपालिका | ९८५१०६५२४९ |
| १६ | रश्मी श्रेष्ठ | वरिष्ठ शाखा अधिकृत | सामाजिक विकास शाखा तथा सूचना अधिकारी, चन्द्रागिरि नगरपालिका | ९८६०३०१५७० |
| १७ | विजया राजवैद्य | प्राविधिक सल्लाहकार | ँज्क्ष घटण | ९८०८९००४१० |
| १८ | भोला भट्टराई | प्राविधिक सल्लाहकार | ँज्क्ष घटण | ९८५१०७४७७० |
| १९ | सिर्जना शाक्य | प्राविधिक सल्लाहकार | वातावरण र जनस्वास्थ्य संस्था | ९८४१९९१०२८ |
| २० | जयश्री राजभण्डारी | प्राविधिक सल्लाहकार | वतावरण र जनस्वास्थ्य संस्था | ९८४३९१९७९५ |

## १०.३ माइन्युट तथा तस्वीरहरू



बैठकसंख्या ६


आज मिति २०८०।०७।१४ गतेको दिन चन्द्रागिरि नगरपालिका वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री संजय सिग्देलज्युको संयोजकत्वमा वातावरण सम्बन्धी कानुन तथा विविध विषयमा छलफल बैठक तपशिलका पदाधिकारीज्युहरुको उपस्थितीमा गरीयो ।

उपस्थिती :

| सि.न | नामथर | पद | मोवाईल नं | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री संजय सिग्देल | वा.तथा वि.व्य.स.संयोजक | ९८४१६३५८८८ | |
| २ | श्रीभाईकृष्ण तामाङ्ग | वा.तथा वि.व्य.स सदस्य | ९८४१३३०९०७ | |
| ३ | श्री अच्यूत अधिकारी | वा.तथा वि.व्य.स सदस्य | ९८५१०१९५१८ | |
| ४ | श्री संगिता महर्जन | वा.तथा वि.व्य.स सदस्य | ९८१८६२०३१३ | |
| ५ | श्री लक्ष्मी थापा सुवेदी | वा.तथा वि.व्य.स सदस्य | ८४१४६२७४८ | |
| ६ | श्री राज कुमार गोपाली | वा.तथा वि.व्य.स सदस्य | ९८४१६१९५३८ | |
| ७ | श्री पुर्ण कुमारी वयलकोटी | वा.तथा वि.व्य.स सदस्य | ९८०३७०५२४७ | |
| ८ | श्री राम शरण महत | वा.तथा वि.व्य.स सदस्य | ९८४१६७९६४० | |
| ९ | श्री समिन के.सी | वा.तथा वि.व्य.स सदस्य | ९८४३४३४७६८ | |
| १० | श्री गमला मिजार | वा.तथा वि.व्य.स सदस्य | ९८१८२०९०३० | |
| ११ | श्रीअन्जितसापकोटा | वा.तथा वि.व्य.स सदस्य | ९८५११५६६५६ | |
| १२ | श्री नारायण भुजेल | वा.तथा वि.व्य.स सदस्य | ९८५११०१२०५ | |
| १३ | श्री श्रुती माली | वा.तथा वि.व्य.स सदस्य | ९८४१९१७२१८ | |
| १४ | श्री भद्रा अर्याल | वा.तथा वि.व्य.स सदस्य सचिव | ९८६०५५५०३९ | |

आमन्त्रित :

१) किरण महर्जन, USAID Clean Air/ENPHO 9860860866
२) सुमा महर्जन " " " 9851231635
३) सिर्जना शाक्य " " " 9841991028
४) विजय राज वैद्य USAID clean Air/FHI 360 9808908410
५) सीता पोखरेल (खनाल) अधिकृत 9841743281
६) महेश्वरी महर्जन (डी.सि.)



बैठक संख्या: ८
विहान: ८ बजे

मिति २०८०/०८/१५ गते चन्द्रागिरि नगरपालिका वातावरण तथा विपद समितिको आयोजनामा वातावरणमैत्री स्थानीय तह तथा वायुगुणस्तर कार्ययोजना मस्यौदा समिति निर्माण गोष्ठी तपशिल अनुसारको उपस्थिती गरियो।

उपस्थिती

विशेष आमन्त्रित :

| पद | नाम थर | दस्तखत |
|---|---|---|
| नगर प्रमुख | श्री घनश्याम गिरी | [signature] |
| नगर उपप्रमुख | श्री वसन्ती श्रेष्ठ | [signature] |
| प्रमुख प्र. अधिकृत | श्री हेमराज अर्याल | [signature] |
| नगर प्रवक्ता | श्री कृष्ण प्रसाद खड्गी | |

समिति पदाधिकारी :

| पद | नाम थर | दस्तखत |
|---|---|---|
| संयोजक | श्री संजय सिग्देल | [signature] |
| सदस्य | श्री राजु कुमार ओपाली | [signature] |
| " | श्री संगिता महर्जन | [signature] |
| | श्री राम शरण महत | [signature] |
| | श्री पुर्ण कुमारी बस्नेतकोटी | पुर्ण |
| | श्री नारायण अर्याल | [signature] |
| | श्री अभिजात सापकोटा | [signature] |
| " | श्री लक्ष्मी थापा सुवेदी | [signature] |
| " | श्री श्रुति माली | [signature] |
| " | श्री विजया राजवैद्य | [signature] |
| FHI 360, सुशासन सल्लाहकार | श्री भोला भट्टराई | [signature] |
| " प्राविधिक सल्लाहकार नागरिक समाज | | [signature] |
| चन्द्रागिरि न.पा. वडाध्यक्ष वडा नं. २ | श्री अाद[illegible] | [signature] |
| परियोजना अधिकृत एनफो | श्री सुमा महर्जन | [signature] |
| वरिष्ठ परियोजना अधिकृत एनफो | बिजेश शाक्य | [signature] |
| | सरिता केसी | [signature] |

निर्णय नं २:

वातावरणमैत्री स्थानीय शासन प्रारुप,२०७८ तथा काठमाण्डौ उपत्यका वायू गुणस्तर व्यवस्थापन कार्ययोजना २०७६ को कार्यान्वयनको लागि ति कानुनहरुको मूल भावमा परिवर्तन नहुने गरी **चन्द्रागिरि नगरपालिकाको वातावरणमैत्री स्थानीय शासन तथा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना** निर्माणका लागि नगरपालिका र यस नगरपालिकासँग स्वच्छ हावा कार्यक्रममा सहकार्य गरिरहेको USAID सहयोग तथा ENPHO संस्थाको सहकार्यमा २ महिना भित्र तयार समितीमा पेश गर्न सिफारिस गर्ने निर्णय गरियो ।



वातावरण तथा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना निर्माणका लागि कार्यदलको बैठक बस्दै



चन्द्रागिरी नगरपालिकाका नगर प्रमुख घनश्याम गिरीज्यू कार्यशाला गोष्ठीमा मन्तव्य राख्नुहुदै



चन्द्रागिरी नगरपालिकाका नगर उपप्रमुख बसन्ती श्रेष्ठज्यू कार्यशाला गोष्ठीमा मन्तव्य राख्नुहुदै



वातावरण तथा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना निर्माण कार्यदलका संयोजक सञ्जय सिग्दे लज्यू कार्यशाला गोष्ठीमा मन्तव्य राख्नुहुदै



सामुहिक छलफल गर्दै कार्यशाला गोष्ठीका सहभागीहरु



सामुहिक छलफल गर्दै कार्यशाला गोष्ठीका सहभागीहरु



कार्यशाला गोष्ठीका सहभागीहरुका सामुहिक फोटो

# ११. सन्दर्भ सामाग्रीहरु


- काठमाडौं उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्ययोजना-२०७६
- वातावरणमैत्री स्थानीय शासन प्रारूप २०७८
- वातावरणमैत्री स्थानीय शासन प्रारूप २०७८
- "State of Global Air on Air Quality and Health of Cities-2022"
- Air Quality Life Index Nepal Fact Sheet-2023

थप जानकारीका लागी:

चन्द्रागिरि नगरपालिका
बलम्बु, काठमाडौं
chandragirimun@gmail.com
०१-४३१५७६६